# स्थानीय राजपत्र

कालिञ्चोक गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः८ | संख्याः ६ | १८ माघ, २०८२ |
| --- | --- | --- |

## भाग १

**कालिञ्चोक गाउँपालिका**

**नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँ कार्यापालिकाले बनाएको तल लेखिए बमोजिमको नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

**संवत् २०८२ सालको नीति संख्या ६**

## " कालिञ्चोक गाउँपालिकाको शिक्षा नीति,२०८२"

१. **पृष्ठभूमि** : मानव जातिको सर्वाङ्गीण विकासको मूल आधार नै शिक्षा भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको आवश्यकता हो। दिगो विकास, शान्ति, सुशासन र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। शिक्षाले असल, योग्य, सक्षम प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ। यसैका माध्यमबाट नै समग्र मुलुकले परिकल्पना गरेको समृद्ध नेपाल, सुखी नेपालीको आकाङ्क्षा र अठोट समेत पूरा हुन्छ।

नेपालको संविधान, २०७२ भाग ३ को धारा ३१ मा शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा स्थापित गर्दै आधारभूत तह सम्मको शिक्षामा पहुँच, आधारभूत तह सम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तह सम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ। अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक समेत प्रत्याभूत गरेको छ। साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ। संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न सुदृढ राष्ट्रिय शिक्षा प्रणालीको विकासको क्रम अघि बढेको देखिन्छ।

विकासको मेरुदण्डका रूपमा शिक्षालाई लिँदै निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ मा शिक्षामा नागरिकको पहुँच र राज्यको दायित्व समेत उल्लेख गर्दै परिच्छेद ३ मा अनिवार्य तथा निःशुल्क र दफा २० मा माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। यसका लागि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने, शैक्षिक सामग्री प्रदान गर्ने र छात्रवृत्ति प्रदान गर्ने साथै दिवा खाजा उपलब्ध गराउने व्यवस्था उल्लेख गरेको पाइन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ को परिच्छेद २ मा अनिवार्य तथा निःशुल्क शिक्षा उल्लेख गर्दै यसका लागि साक्षरता कार्यक्रम सञ्चालन गर्ने, आवासीय सुविधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्ने, माध्यमिक तह सम्मको शिक्षामा शुल्क लिन नहुने कुरामा विशेष जोड दिएको पाइन्छ। नियमावलीको परिच्छेद ३ मा

छात्रवृत्ति, विशेष व्यवस्था तथा अवसर सहित शिक्षा प्राप्तिका लागि विशेष अवसर प्रदान गरिने कुरा उल्लेख गर्दै परिच्छेद ४ मा वैकल्पिक र अनौपचारिक तथा खुल्ला शिक्षाको माध्यमबाट लक्षित वर्गलाई शिक्षा आर्जन गराउनु पर्ने व्यवस्था समेत गरेको पाइन्छ। कुनै पनि देशको शिक्षा नीतिले आफ्नो राष्ट्रिय विकासका प्राथमिकताहरूलाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ। यसै परिप्रेक्ष्यमा नेपाल सरकारले सङ्घीय संरचना अनुरूप शिक्षा क्षेत्रको शिक्षा नीति, २०८२ मार्गदर्शक नीतिका रूपमा राष्ट्रिय शिक्षा नीति, २०७६ तर्जुमा गरेको छ। जसको दूरदृष्टि नै "शिक्षित सभ्य, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय, रूपान्तरण र समृद्धि" भन्ने रहेको छ भने यसको लक्ष्य सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संशाधन विकास गर्ने भन्ने रहेको छ। प्रस्तुत शिक्षा नीतिले प्रारम्भिक बालविकास देखि उच्च शिक्षासम्म, अनौपचारिक, समावेशी र विशेष शिक्षा सहित सामुदायिक तथा सार्वजनिक शिक्षा प्रणालीको सबलीकरण गरी राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीमा जोड दिनुपर्ने कुरा अगाडि सारेको पाइन्छ। यसका लागि शिक्षामा लगानी अभिवृद्धि गरी विज्ञान र प्रविधि सहित शिक्षामा गुणस्तर कायम गर्नुपर्ने नीति समेत अवलम्बन गर्नुपर्ने उल्लेख छ। यसै अनुरूप प्रदेश र स्थानीय तहले यसको अधिनमा रही थप नीति, रणनीति र कार्यनीतिहरू कार्यन्वयन गर्न सक्ने व्यवस्था पनि गरेको छ।

चालु आवधिक योजना (सोह्रौ योजना) ले पनि सामाजिक आर्थिक रूपान्तरणका लागि मानव संसाधनको विकास गर्ने सोचका साथ गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ। शिक्षा विकास नै विकासको

मूल आधार हो र शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो भन्ने कुरालाई आत्मसात गरी मुलुकले विभिन्न समयमा शिक्षा विकासका निम्ति आवधिक योजना एवम् प्रस्तावहरू अगाडि बढाएको पाइन्छ। नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच, सुनिश्चित गर्नका साथै गुणस्तर सुधार्नका निम्ति सात वर्षे विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनमा ल्याएर यसको अवधिसमेत सम्पन्न भइसकेको छ। यसको मुख्य उद्देश्य नेपालको शिक्षा क्षेत्रमा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापकीय सुधार गर्नु रहेको थियो र उक्त उद्देश्यले भावी योजनाहरूमा समेत निरन्तरता पाउने कुरा अवश्यम्भावी छ। हाम्रो गाउँ शिक्षा नीतिले पनि यिनै कुराहरूलाई शिरोधार्य गर्दै जानु पर्ने देखिन्छ।

दिगो विकासका लक्ष्य, २०३० को लक्ष्य-४ मा "समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवन पर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने" कुरा उल्लेख गरिएको छ। जसमा सबै छात्र-छात्राहरूलाई सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकून् भन्ने उद्देश्यले निःशुल्क न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने, बालविकासमा पहुँच र गुणस्तरीयता कायम गर्ने, विश्वविद्यालय सम्मकै शिक्षामा सबै महिला र पुरुषको समान सुनिश्चितता कायम गर्ने, प्राविधिक तथा व्यावसायीक दक्षता लगायत सान्दर्भिक सिप, दक्षता भएका युवा र वयस्कहरूको सङ्ख्या वृद्धि गर्ने, शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने जस्ता उद्देश्य लिई अगाडि बढेको पाइन्छ। यसले निर्धारण गरेका परिमाणात्मक लक्ष्यहरूलाई समेत आत्मसात् गर्दै कार्यान्वयनमा अगाडि बढ्नुपर्ने कुरालाई आत्मसात गर्दै यो नीति तर्जुमा गरिएको हो।

## २. विगतका प्रयास

१) सबै बालबालिकाको पढ्ने अधिकारको सुनिश्चितता गर्न अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको व्यवस्था गरिएको छ। साथै माध्यमिक तह कक्षा १० सम्मको शिक्षा निःशुल्क गरिएको,

२) प्रधानाध्यापक हरूसँग करार सम्झौता गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको,

३) विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक सङ्ख्या अपुग भएको साविकको प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहमा विषयगत शिक्षक व्यवस्थापनका लागि प्रयास गरिएको, सबै बालविकास केन्द्रहरूमा LED सहितको शैक्षिक सामग्रीको व्यवस्था, आर्थिक अवस्था कमजोर भएका बालबालिकाहरूलाई पोसाक र झोला सहित शैक्षिक सामग्रीको व्यवस्थापनमा विभिन्न दातृ निकायहरूसँग समन्वय गरिएको, प्रधानाध्यापक, बालविकास लगायत विद्यालय कर्मचारीहरूलाई नेपाल सरकारले तोके बमोजिमको सेवा सुविधा थप गरि उपलब्ध गराइएको,

४) विद्यालय भौतिक सुधारको कार्यक्रमहरू ( कक्षाकोठा निर्माण, मर्मत, खानेपानी, शौचालय, पेरवार ) समेत कार्यक्रमहरू सञ्चालन गरेको,

५) कालिञ्चोक गाउँपालिका भित्रका गरिब, जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाइएको,

६) कालिञ्चोक गाउँपालिका भित्रका आर्थिक रूपले विपन्न तथा जेहेन्दार, विपन्न दलित, जनजाति, तथा अपाङ्गता विद्यार्थीहरूका

लागि स्नातक तह सम्म अध्ययनका लागि १ जनाका लागि छात्रवृत्ति,

७) शिक्षकहरूलाई पेसागत क्षमता विकास तालिम सञ्चालन गरिएको,

८) सामुदायिक विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गरिएको,

९) सामुदायिक विद्यालयमा अध्ययनरत सबै छात्राहरूको स्वच्छता तथा सरसफाइ लागि स्यानिटरी प्याडको व्यवस्था गरिएको,

१०) गाउँपालिकामा हस्तान्तरित विभिन्न किसिमका कार्यक्रम सञ्चालनमा रहेका, विद्यालयलाई दिनुपर्ने अनुदान (छात्रवृत्ति, बुक कर्नर, सामाजिक परीक्षण लगायत, व्यवस्थापन अनुदान, SIP निर्माण लगायत, दिवा खाजा, शैक्षिक गुणस्तर लगायत) नियमित कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम निकासा गरिएको,

११) एकीकृत पाठ्यक्रमलाई कार्यान्वय गर्नको लागि कक्षा १-३ मा अध्यापन गर्ने शिक्षकलाई क्षमता विकास तालिम र सो कक्षाका सबै बालबालिकाको मूल्याङ्कन गर्न मूल्याङ्कन पुस्तिका वितरण र व्यवस्थापन,

१२) विद्यालय कर्मचारी र बालविकासका शिक्षकहरूलाई सङ्घीय सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा नघट्ने गरि बजेट विनियोजन गरिएको,

१३) विद्यालयमा सञ्चालन गरिने विभिन्न किसिमका अतिरिक्त क्रियाकलाप, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई पहिलो प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिएको,

१४) गाउँपालिकामा सञ्चालन भएका सामुदायिक विद्यालयमा कार्यरत उत्कृष्ट कार्यसम्पादन भएका विद्यालय, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक, शिक्षकहरूलाई नगद पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालनको कानुनी प्रबन्ध गरिएको आदि।

३. **वर्तमान अवस्था** : शिक्षासम्बन्धी विद्यमान सङ्घीय कानुनहरूले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेका छन् भने सङ्घीय संरचना अनुसारका तीन वटा सरकारमध्ये शिक्षाको कुन तहको कुन काम कुन सरकारले गर्ने भन्ने कुरा समेत यकिन गरेको अवस्था छ। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको व्यवस्था अनुसार गाउँपालिकाले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी र अधिकार रहेको अवस्था छ।

४. **समस्या तथा चुनौती** : कालिञ्चोक गाउँपालिकाले शिक्षा क्षेत्रमा विभिन्न किसिमका कार्यक्रमहरूको थालनी गर्दा पनि केही समस्या तथा चुनौतीहरू झेलिरहेको विद्यमान अवस्था रहेको कालिञ्चोक गाउँपालिकाको शिक्षामा भएका केही समस्या तथा चुनौतीहरू यस प्रकार रहेका छन् :

१) सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बालविकासको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन गर्न।

२) कालिञ्चोक गाउँपालिकालाई शैक्षिक क्षेत्रको नमूना बनाउनको लागि शिक्षा योजना निर्माण गर्नु,

३) प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकालाई लक्षित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चार वर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु, नक्साङ्कनका

आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्नु,

४) सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु, आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्नु,

५) शिक्षाको माध्यमबाट गाउँपालिकाको जीवन र जगतलाई सम्मानपूर्वक समेट्दै सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी शिक्षाको प्रयोजन र सान्दर्भिकता बढाउनु,

६) माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु, पाठ्यक्रमलाई समयसापेक्ष सान्दर्भिक गुणस्तरीय र प्रभावकारी बनाई सुखी र समृद्ध गाउँपालिका निर्माणका लागि सक्षम, सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु, आवश्यकताका आधारमा पर्याप्त सङ्ख्यामा पेसाप्रति समर्पित, दक्ष र जवाफदेही शिक्षकहरूको व्यवस्था गरी बालबालिकाको सिकाइमा सहजीकरण गर्नु,

७) उपलब्धीमा सुधार गर्न सबै प्रकारका सिकारुहरूको गुणस्तरीय शिक्षामा सहज पहुँच र सोको व्यवस्थापनका लागि आवश्यक कानुन र संस्थागत संरचनाको स्थापना गर्नु,

८) सम्भावित जोखिमको पूर्वानुमान गरी जोखिमबाट सुरक्षित हुनका लागि पूर्व तयारीका साथ बालबालिका र विद्यालयलाई सबै प्रकारका हिंसा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित गरी सिकाइलाई निरन्तरता दिनु,

९) सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु, बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजा लगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत प्रदान गर्नु,

१०) छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धी सुधारमा सहयोग हुने गरी प्रभावकारी व्यवस्थापन गर्नु,

११) गाउँपालिकाको सक्षम र प्रतिभावान जनशक्तिलाई गाउँपालिकाभित्र टिकाउने गरी गाउँपालिकामा उत्प्रेरणात्मक वातावरणको सिर्जना गर्नु,

१२) निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्नु र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रवन्ध गर्नु, विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिगत सुधारका लागि शिक्षक र अभिभावक लगायतका सरोकारवालाहरूलाई शिक्षामा अपेक्षाकृत योगदान गर्नका लागि अभिप्रेरित गर्नु,

१३) गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ शैक्षिक संरचना, पर्याप्त, सक्षम र प्रतिवद्ध जनशक्ति एवम् जीवन्त अन्तरसरकार सम्बन्धको विकास गर्नु,

१४) संस्थागत विद्यालयहरूको नियमन र अनुगमन गरी त्यस्ता विद्यालयहरूबाट प्रदान गरिने शिक्षालाई व्यावहारिक र राष्ट्रिय भावना अनुकूल गर्न प्रेरित गर्नु,

१५) सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्नु,

१६) विद्यार्थीहरूको टिकाउदर तथा सिकाइ उपलब्धी वृद्धि गर्नु, कक्षा छाड्ने दर र कक्षा दोहोऱ्याउने दर कम गर्नु, आधारभूत तह (कक्षा १- ३) मा पठन सिपको विकास गरी शैक्षिक गुणस्तर वृद्धि गर्नु, कक्षाकोठा व्यवस्थापन, शिक्षक नियमितता, सिकाइ स्थानान्तरणलाई व्यवस्थित गर्न, विषम परिस्थिति (कोभिड, पहिरो, हावाहुरी, आगलागी) मा शैक्षिक क्षति न्यूनीकरण गर्न शैक्षिक क्रियाकलाप सञ्चालन गर्नु आदि।

५. **नीतिको आवश्यकता :** समृद्ध नेपाल सुखी नेपाली भन्ने नारालाई सार्थक बनाउन प्रत्येक नेपाली जीवनोपयोगी ज्ञान, सिपबाट सुसज्जित र शिक्षित हुनु पहिलो सर्त हो। शिक्षा र विकास एक अर्काका परिपुरक हुन् अर्थात शिक्षा बिना विकास असम्भव प्रायः छ भन्ने आदर्शलाई आत्मसात गर्दै समग्र शिक्षा क्षेत्रको विकासका माध्यमबाट सिङ्गो समाजलाई रूपान्तरण गर्ने अभियानमा कालिञ्चोक गाउँपालिका रहेको छ। आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण गरी देश विकास गर्न साक्षरता प्रतिशत उच्च हुनु पहिलो सर्त हो। शिक्षा विकासको मूल आधार हो।

नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँड, मुलुकको आर्थिक-सामाजिक रूपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अतिकम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधार हुन्।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरूप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवम् शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउन शिक्षा नीति आवश्यक छ। सङ्घीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवम् नतिजामूलक ढङ्गले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समायानुकूल शिक्षा नीतिको जरुरत परेको हो।

६. **दूरदृष्टि** : अनिवार्य र निःशुल्क शिक्षा समाजवादको अभियान, प्रविधिमैत्री जीवनोपयोगी गुणस्तरीय शिक्षा कालिञ्चोकको पहिचान।

७. **लक्ष्य** : निःशुल्क अनिवार्य र गुणस्तरीय शिक्षाको माध्यमबाट विश्व बजारमा समेत प्रतस्पर्धा गर्न सक्ने दक्ष, सक्षम र सिपयुक्त, श्रम र उत्पादनका साथै व्यक्तिगत र राष्ट्रिय जीवनप्रति सकारात्मक एवम् मानव मूल्यमा आधारित उन्नत सोच भएको खुसी तथा नवसिर्जनशील जनशक्तिको विकास गर्ने।

८. **उद्देश्य** : शिक्षालाई अधिकारका रूपमा स्थापित गरी गुणस्तरीय विद्यालय शिक्षामा सबैको सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चितता सहित

समता र समावेशिता प्रवर्द्धन गर्नुका साथै उच्च तथा प्राविधिक शिक्षालाई गाउँपालिकाको समुन्नतिका निम्ति आवश्यक पर्ने जनशक्तिको उत्पादन गर्नेगरी परिलक्षित गर्ने रहेको छ। शिक्षा नीति, २०८२ ले निम्नलिखित उद्देश्यहरू निर्धारण गरेकोछ।

१) सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु।

२) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु।

३) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तर सुधार गर्नु।

४) सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु।

५) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु।

६) सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु।

७) सार्वजनिक शिक्षालाई संस्थागत विद्यालयहरूले दिने शिक्षाको तुलनामा गुणस्तरीय बनाई नागरिक समाजको सार्वजनिक शिक्षाप्रतिको आकर्षणमा अभिवृद्धि गर्नु।

८) ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको माध्यमबाट विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, वैज्ञानिक, नव प्रवर्धनात्मक, प्रतिष्पर्धी, प्रतिवद्ध र अनुसन्धानमुखी मानव संशाधन विकास गर्न सहयोग पुऱ्याउन।

९) गाउँपालिकामा विद्यमान सम्भाव्य स्रोत र साधनहरूको उत्खनन र अन्वेषण गरी गाउँवासीको सुख र समृद्धिका लागि उपयोग गर्ने गरी उच्च शिक्षालाई वैज्ञानिक र अनुसन्धानमूलक बनाउन सहयोग गर्नु।

१०) प्राविधिक तथा व्यवसायीक शिक्षा र तालिमका अवसरहरूलाई विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्दै गाउँपालिका विकासका लागि योग्य, सक्षम, उपयुक्त र उद्यमशील जनशक्ति तयार गर्नु।

११) शिक्षाका सबै निकाय तथा शैक्षिक संस्थाहरूमा सुशासन प्रबर्द्धन गरी विद्यार्थीहरूको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास गर्नु।

१२) पाठ्यक्रमलाई सान्दर्भिक तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच तथा व्यवहारकुशल सिप भएको निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगारोन्मुख नागरिक तयार गर्नु।

१३) समतामूलक पहुँच र समावेशी सहभागिता, लैंङ्गिक रूपान्तरणमुखी शिक्षा सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।

१४) शैक्षिक क्षेत्रलाई भय, विभेद र दुर्व्यवहार मुक्त तथा सुरक्षित र विविधता अनुकूल बनाई विद्यार्थीलाई सहकारीमैत्री साथै प्रविधिमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु।

१५) युग सुहाउदो जनशक्ति विकासको लागि ICT अनुकुलित वातावरण निर्माण गरी STEAM Education लाई शिक्षा प्रणालीको मेरुदण्डको रूपमा विकास गर्ने।

१६) सम्भावित सङ्कटको सामना गर्ने अर्थात् उत्थानशील (Resilient) प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको परिचालन गरी विद्यालयलाई सुरक्षित सिकाइ थलोको रूपमा विकास गरी विषम परिस्थितिमा पनि सिकाइलाई निरन्तरता दिने।

## ९. नीति र कार्यनीति

### ९.१ प्रारम्भिक बालविकास र शिक्षा सम्बन्धी नीति र कार्यनीति

#### ९.१.१ प्रारम्भिक बालविकास लागि नीतिगत, संस्थागत तथा संरचनागत संयन्त्रको स्थापना गरी प्रारम्भिक बालविकास र शिक्षालाई प्रभावकारी बनाउने।

९.१.१.१ सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवम् विद्यालय शिक्षाको पूर्व तयारीका लागि संस्थागत विद्यालय र सामुदायिक विद्यालयहरूमा सञ्चालन भइरहेको बालविकास शिक्षाको अवधिलाई समायोजन गरी

कम्तिमा २ वर्षको बनाउनका लागि कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ।

९.१.१.२ प्रारम्भिक बालविकास सम्बन्धी सङ्घीय नीति, ऐन र कानुनको मर्म र गाउँपालिकाको मौलिक आवश्यकताका आधारमा कानुनी सामाञ्जस्यता ल्याई प्रारम्भिक बालविकास सम्बन्धी नीति, ऐन र कानुन निर्माण गरी कक्षा १ मा भर्ना हुनका लागि बालविकास शिक्षाको अनुभवलाई अनिवार्य रूपमा कार्यान्वयन गरिनेछ।

९.१.१.३ प्रारम्भिक बालविकास बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक, तथा नैतिक क्षमताको विकासलाई सन्तुलित किसिमबाट अघि बढाउन विज्ञ मार्फत बालविकास सहजकर्तालाई मनोसामाजिक परामर्श प्रदान गरिनेछ।

९.१.१.४ प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरूप बसाइ व्यवस्था र सरसफाइलाई ध्यान दिएर खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो, भिडियो सामग्री, सहित आकर्षक, मनोरञ्जनपूर्ण र बालमैत्री कक्षाकोठा व्यवस्थापन सहितको नमूना बालविकास केन्द्रको विकास गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ।

९.१.१.५ प्रारम्भिक बालविकास लागि संस्थागत तथा संरचनागत सुधार गर्न गाउँपालिकामा सम्बन्धित क्षेत्रका विषय

विज्ञहरूको संलग्नतामा प्रारम्भिक बालविकास संयन्त्रको स्थापना गरी सहजीकरण गरिनेछ।

**९.१.२. सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षामा अनुभव सहितको निःशुल्क आधारभूत शिक्षामा भर्ना गराउने।**

९.१.२.१ प्रारम्भिक बालविकास (पूर्व प्राथमिक शिक्षा) को अनुभव नलिई कक्षा एकमा भर्ना हुनेको प्रतिशतलाई न्यूनीकरण गर्नका लागि विद्यालयमा आधारित, समुदायमा आधारित, तथा घर परिवारमा आधारित विभिन्न प्रकारका प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रबन्ध गरिनेछ।

९.१.२.२ प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गरी प्रारम्भिक बालविकास शिक्षालाई आवश्यक कानुन बनाई सबै बालबालिकाको लागि निःशुल्क र अनिवार्य गरिनेछ।

९.१.२.३ अपाङ्गता भएका बालबालिकालाई सहयोग गर्ने र खास गरी जटिल अपाङ्गता भएका बालबालिका लक्षित विशिष्टीकृत घरमा आधारित प्रारम्भिक बाल शिक्षा स्थापना र सञ्चालन लगायत अपाङ्गताको पहिचान गरी उपचारका लागि सिफारिस गर्ने संयन्त्रको विकास गरी कार्यान्वयन गरिनेछ।

९.१.२.४ प्रारम्भिक बालविकास तथा शिक्षालाई बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित हुने गरी सक्षम र

समर्पित जनशक्ति र आवश्यक स्रोत साधनको व्यवस्था गरी गुणस्तरीय र प्रभावकारी बनाइने छ।

९.१.२.५ लक्षित उमेरका सबै बालबालिकालाई प्रारम्भिक बालविकासका अवसर सुनिश्चित गर्नका लागि सङ्घ, प्रदेश र सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गरी उपयुक्त वातावरण सिर्जना गरिनेछ।

**९.१.३. स्थानीय तहले विभिन्न सङ्घ संस्थासँग समन्वय गरी गाउँपालिकाको सबै क्षेत्रमा रहेका प्रारम्भिक बालविकास केन्द्रमा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने वातावरण सिर्जना गर्ने।**

९.१.३.१ प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिता अभिवृद्धिका लागि गाउँपालिकामा उपलब्ध कम मूल्यका (No cost, Low cost) स्रोत साधनको प्रयोग मार्फत शैक्षिक सामग्री उत्पादन, संरक्षण र प्रभावकारी उपयोग गरी बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (Early Learning and Development Standards-ELDS) को कार्यान्वयनको सुनिश्चित गरिनेछ।

९.१.३.२ लागत साझेदारीका आधारमा कम्तिमा एक विद्यालय, एक बालविकास केन्द्रको अवधारणा सहित बालविकास केन्द्रको पुनर्वितरण र विस्तार गरिनेछ।

९.१.३.३ प्रारम्भिक बालविकासमा दक्ष र बालबालिका प्रति समर्पित मानव स्रोत र पर्याप्त भौतिक एवम् आर्थिक स्रोतको व्यवस्था गरिनेछ।

९.१.३.४ प्रारम्भिक बालविकास पूर्व प्राथमिक शिक्षा कार्यक्रम सञ्चालन भएका प्रत्येक विद्यालयमा कम्तिमा एक जना ३-४ वर्षको बालबालिकाको रेखदेख गर्ने शिशु स्याहार सहजकर्ता र ४-५ वर्षको बालबालिका हेर्ने बाललिवकास सहजकर्ताको व्यवस्थापन गरी सो को कार्यान्वयन गरिनेछ।

**९.१.४. प्रारम्भिक बालविकास उमेरका वालबालिकाहरूका लागि अभिभावकहरूसँगको पोषण एवम् स्वास्थ्य सुरक्षाको उपयुक्त व्यवस्था गर्ने।**

९.१.४.१ गाउँपालिकाको अगुवाईमा स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट विद्यालयमा बालबालिकाका लागी बहुक्षेत्रीय प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरिनेछ।

९.१.४.२ बालविकास उमेरका आफ्ना सन्ततिहरूलाई अनिवार्य रूपमा बालविकास कक्षामा भर्ना गर्न र घरयासी वातावरणलाई बालमैत्री बनाउन आवश्यक कानुन बनाई अभिभावकलाई जिम्मेवार बनाउन "सन्ततिको समुन्नतिका लागि अभिभावक शिक्षा" भन्ने कार्यक्रम सञ्चालन गरिने छ।

९.१.४.३ बालबालिकाको घरायासी वातावरणलाई बालमैत्री बनाउँदै बालबालिकाको समुचित विकासमा गाउँपालिका, आमा, बुबा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गरिनेछ।

**९.२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सम्बन्धी नीति तथा कार्यनीतिहरू :**

**९.२.१ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने।**

९.२.१.१ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न प्रदेश र सङ्घीय सरकारसँग समेत समन्वय र सहकार्य गर्दै आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाइने छ।

९.२.१.२ प्रत्येक विद्यालयसँग सहकार्यमा शैक्षिक सत्रको प्रारम्भमा सेवाक्षेत्र भित्र विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

९.२.१.३ आधारभूत विद्यालय उमेरका आफ्ना परिवारका बालबालिकाहरूलाई विद्यालयमा भर्ना नगराएमा गाउँपालिका तथा सम्बन्धित वडाबाट प्राप्त हुने सेवा सुविधाबाट बञ्चित गरिने तर्फ अभिभावकलाई सजग गराइने छ।

९.२.१.४ घरधुरी सर्वेक्षण मार्फत बालबालिकाहरूको पहिचान गरी उनीहरूको आधारभूत तहको शिक्षामा पहुँच सुनिश्चित गरिनेछ।

९.२.१.५ आधारभूत शिक्षामा सबैको अपनत्व वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्न गाउँपालिकामा स्थायी बसोबास गर्ने शिक्षक, कर्मचारी, जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरूलाई आफ्ना छोरा छोरी अनिवार्य सामुदायिक विद्यालयमा भर्ना गर्न गराउन कार्यविधि बनाइ लागू गरिनेछ।

९.२.१.६ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षालाई सुनिश्चित गर्न गाउँपालिकामा सञ्चालन भइरहेका संस्थागत विद्यालयहरूलाई सामुदायिक विद्यालयमा समायोजन गर्न आवश्यक कार्यविधि बनाइ लागू गरिनेछ।

**९.२.२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्ने।**

९.२.२.१ आधारभूत विद्यालय उमेरका बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्थाको सुनिश्चितताका लागि अभिभावक, सरोकारवाला र सञ्चार माध्यमसँग सहकार्य गरिनेछ।

**९.२.३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गर्ने।**

९.२.३.१ आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई गाउँपालिकाप्रति जवाफदेही हुने प्रणाली विकास गरिनेछ।

९.२.३.२ सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने सवालमा आवश्यक लगानीको प्रबन्ध गर्न सङ्घीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी तत्सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

९.२.३.३ निश्चित समयको अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धी परीक्षणमार्फत जवाफदेहिता सुनिश्चितताका लागि सुधारका क्षेत्र पहिचान गरी कार्यान्वयन गरिने छ।

९.२.३.४ आधारभूत शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विद्यालयमा रचनात्मक शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालनका लागि विद्यालयको प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गराउने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

९.२.३.५ आधारभूत शिक्षालाई कानुनी रूपमा अनिवार्य गर्न सहयोग पुग्ने गरी गाउँपालिकामा सरकारी ढुकुटीबाट सुविधा लिने कुनै पनि पदाधिकारीको न्यूनतम शैक्षिक

योग्यता आधारभूत शिक्षा उत्तीर्ण हुनु पर्ने प्रावधानको व्यवस्था गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ।

**९.२.४. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने।**

९.२.४.१ सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित पुस्तकालय, बुक कर्नर जस्ता न्यूनतम भौतिक र शैक्षिक सुविधा उपलब्ध गराइ बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणको सुनिश्चितता प्रदान गरिनेछ।

९.२.४.२ विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्नका लागि स्थानीय स्वास्थ्य संस्था तथा सङ्घ संस्थाको सहकार्यमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।

९.२.४.३ तीनै तहका सरकारको सहकार्यमा स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई थप व्यवस्थित गरी विद्यालयहरूमा दिवा खाजाको व्यवस्थापन गरिनेछ।

९.२.४.४ विद्यालयमा जङ्कफुड, मद्यपान, धुमपान पूर्णरूपमा निषेध गरिनुका साथै विद्यालय क्षेत्रको कम्तिमा २०० मिटर वरपर बेचबिखन गर्न रोक लगाइने छ।

**९.२.५. आधारभूत शिक्षाको शैक्षिक गुणस्तर अभिवृद्धि सुनिश्चित गर्ने।**

९.२.५.१ मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याउन विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराउँदै सिकाइमा सुधार ल्याउने अवस्था सिजर्ना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमताको विकास गरिनेछ।

९.२.५.२ शिक्षण सिकाइ विधिमा समेत आवश्यक परिमार्जन गर्दै कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरिने छ र यसका लागि आवश्यक पर्ने प्रविधि, शिक्षक तालिम तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ।

९.२.५.३ आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षा गाउँपालिकास्तरमा सञ्चालन गरी परीक्षाको नतिजा र निश्चितत मानकका आधारमा मूल्याङ्कन गरी प्रत्येक वर्ष उत्कृष्ट शिक्षकहरू छनौट गरी पुरस्कृत गरिनेछ।

**९.२.६. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउदै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने।**

९.२.६.१ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुरूप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत

गर्नुका साथै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गर्ने कार्यमा समन्वय र सहजीकरण गरिनेछ।

९.२.६.२ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेअनुसार विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउनका लागि स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रियाको प्रयोग गरिनेछ।

**९.३ माध्यमिक शिक्षा सम्बन्धी नीति तथा कार्यनीतिहरू :**

**९.३.१. माध्यमिक शिक्षामा सबैको पहुँच अभिवृद्धि गर्नुका साथै विद्यार्थी टिकाउ दर बढाउन उनीहरूकै रुचि र आवश्यकता अनुसारको साधारण र प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षामा अवसर प्रदान गर्ने।**

९.३.१.१ माध्यमिक शिक्षा प्राप्त गर्ने सबैका लागि पहुँच सुनिश्चित गर्न र टिकाउ दर बढाउन विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन तथा आवश्यकता अनुसार विद्यालयहरूमा आवासको व्यवस्था गरिनेछ।

९.३.१.२ सङ्घीय मापदण्ड अनुसार विद्यालय नक्साङ्कन मार्फत माध्यमिक विद्यालयको स्थापनामा समन्वय गरिनेछ।

९.३.१.३ गाउँपालिकाले सर्वेक्षण गरी बहुआयामिक गरिबीको क्षेत्रभित्र परेका आर्थिक रूपले विपन्नहरूका लागि आवश्यकताको आधारमा साधारण, प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षामा समन्यायिक अवसर प्रदान गर्न विद्यार्थी वित्तीय सहायता कोष स्थापना गरी लागू गरिनेछ।

९.३.१.४ विद्यार्थीको नियमितता, कक्षा छाड्ने दर न्यूनीकरण र टिकाउ दर बढाउन शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र जनप्रतिनिधिको प्रतिनिधित्व रहेको अभिभावक समन्वय टिम बनाइ अभियान सञ्चालन गरिनेछ।

**९.३.२. माध्यमिक शिक्षालाई "सिक्दै कमाउँदै" (Learning to earning) को अवधारणा अनुसार विद्यालय परिवेश सुहाउँदो एक विद्यालय एक कार्यक्रम मार्फत विद्यार्थीमा आत्मनिर्भरता र श्रम प्रति सम्मान गर्ने भावनाको विकास गरिनेछ।**

९.३.२.१ सिकाइ र सिपको तादम्यता मिलाइ आर्थिक सबलीकरण गर्न विद्यालय परिवेश र स्रोत साधनको उपलब्धताको आधारमा कृषि, फलफूल, मेकानिक्स, सिलाइ बुनाइ, कुक जस्ता कार्यक्रम लागू गरिनेछ।

९.३.२.२ सैद्धान्तिक तथा प्राज्ञिक ज्ञानलाई गरीखाने शिक्षाको रूपमा रूपान्तरण गर्न आवश्यक व्यवस्था मिलाइने छ।

९.३.२.३ सिक्दै कमाउदै कार्यक्रम अन्तरगत हासिल गरेका सिप र दक्षता उल्लेख भएको सिप प्रमाणपत्र (Skill certificate) उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

**९.३.३. माध्यमिक शिक्षालाई गाउँपालिकाको मौलिक ज्ञान सिप, नैतिक मूल्य, स्वाभिमानी, स्वयंसेवी भावना, सांस्कृतिक विविधता र पहिचानको आधार स्तम्भकोरूपमा स्थापित गर्ने।**

९.३.३.१ माध्यमिक तहमा पठन पाठन हुने विषयका साथ साथै मानव मूल्य, स्थानीय संस्कृति, पूर्वीय दर्शनमा आधारित विषयवस्तुलाई सिकाइमा अन्तरघुलन गरी नैतिकवान्, इमानदार र खुसी नागरिक उत्पादनलाई उच्च प्राथमिकता दिइनेछ।

९.३.३.२ स्थानीय भाषा तथा संस्कृति, इतिहास सम्बन्धी स्थानीय भौगोलिक परिवेश सुहाउँदो ज्ञान तथा सिप समावेश गरी जीवनोपयोगी सिपसँग आवद्ध गरिनेछ।

९.३.३.३ गाउँपालिकाले विद्यालयसँग समन्वय गरी माध्यमिक तहको कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूलाई प्रकोप, सङ्कट तथा महामारी लगायतका विपदको बेला स्वयम् सेवा गर्ने गरी आवश्यक पूर्व अभ्यासका कार्यक्रम सञ्चालन गरिनेछ।

**९.३.४. निजी लगानीमा सञ्चालनमा आएका माध्यमिक विद्यालयको प्रभावकारी नियमन गरी नाफामूलकबाट सेवामूलक संस्थामा रूपान्तरण गर्ने।**

९.३.४.१ निजी लगानीका विद्यालयहरूको प्रभावकारिताका लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गरी त्यस्ता शैक्षिक संस्थाहरूलाई सेवामूलक बनाइनेछ।

९.३.४.२ गाउँपालिकाद्धारा निजी लगानीका विद्यालयहरूको पाठ्यक्रम, भौतिक वातावरण, शिक्षक तथा कर्मचारी एवम् आर्थिक व्यवस्थापन लगायतका विषयमा नियमन गरिनेछ।

**९.३.५. उच्च शिक्षा अध्ययनका लागि विषयगत लम्बीय सम्बन्ध र आधार स्थापित हुने गरी गाउँपालिकाका माध्यमिक विद्यालयहरूमा ऐच्छिक विषयको पठन पाठनमा विविधता ल्याउने।**

९.३.५.१ विद्यालय शिक्षा देखिनै विज्ञान, प्रविधि, ईन्जिनियरिङ कला र गणित शिक्षा (STEAM) जस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धित गर्दै लगिने छ।

९.३.५.२ सबैजसो माध्यमिक विद्यालयहरूमा ऐच्छिक विषयको पठन पाठनमा विविधता ल्याउन विषयगत दक्षता हासिल गरेका शिक्षकहरूको समन्यायिक व्यवस्थापन मिलाइने छ।

**९.३.६. माध्यमिक विद्यालयमा भौतिक तथा शैक्षिक पूर्वधार, शिक्षण सिकाइ प्रक्रिया र सिकाइ वातावरणमा सुधार गरी गुणस्तर अभिवृद्धि गर्ने।**

९.३.६.१ कक्षाकोठाको वातावरण सिकाइमैत्री, बालमैत्री, र अपाङ्गतामैत्री हुनुको साथै छापामय बनाउन आवश्यक पहल गरिनेछ।

९.३.६.२ विद्यालयहरूमा कम्प्युटर ल्याब, पुस्तकालय, विज्ञान प्रयोगशाला बनाउन थप कक्षाकोठा र सामग्रीको व्यवस्था मिलाइनेछ।

९.३.६.३ माध्यमिक तहमा (STEAM-Approach) को माध्यमबाट विद्यार्थीहरूमा व्यवहार कुशल सिपको विकास गर्ने व्यवस्था मिलाइने छ।

९.३.६.४ सङ्घीय सरकार, प्रदेश सरकारबाट नमूना विद्यालयको रूपमा छनोट भएका विद्यालयका साथै गाउँपालिका आफैले समेत एक वडामा एक विद्यालयलाई अनुकरणीय विद्यालय घोषित गरी तिनका नमूनायोग्य कार्यलाई अन्य फिडर विद्यालयहरूमा लागू गर्न आवश्यक स्रोत सामग्री सहित पहल गरिनेछ।

९.३.६.५ विद्यालयको गुणस्तरीय शैक्षिक विकास तथा व्यवस्थापनका लागि विभिन्न सङ्घ संस्था, अभिभावक लगायत सम्पुर्ण सरोकारवालाको अपनत्व वृद्धि गराइने छ।

९.३.६.६ माध्यमिक तहका कक्षाहरूमा विषयगत सिकाइको सहजता र सम्बन्ध स्थापित गर्न कक्षागत कक्षाकोठाका अतिरिक्त विषयगत सिकाइ कक्षाकोठा तयार गर्न पहल गरिनेछ।

**९.४. उच्च शिक्षा सम्बन्धी नीति तथा कार्यनीतिहरू :**

**९.४.१. गाउँपालिकामा विद्यालय शिक्षा पुरा गरेका विद्यार्थीलाई उच्च शिक्षामा पहुँच सुनिश्चित गर्ने।**

९.४.१.१ गाउँपालिकामा विद्यालय शिक्षा पुरा गरेका विद्यार्थीलाई उच्च शिक्षामा पहुँच सुनिश्चित गर्न उपयुक्त स्थानमा कम्तिमा एक सामुदायिक क्याम्पस स्थापना गर्न पहल गरिनेछ।

९.४.१.२ उच्च शिक्षाको लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गर्नका लागि सङ्घ तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

**९.५ अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षा सम्बन्धी नीति तथा कार्यनीतिहरू :**

**९.५.१. विविध कारणबस यस गाउँपालिकाभित्र औपचारिक शिक्षाको अवसरबाट बञ्चित वा बीचैमा पढाइ छाडेका नवसाक्षर र निरक्षर सबै गाउँवासी नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने।**

९.५.१.१ शिक्षित र समुन्नत कालिञ्चोक गाउँबासी केन्द्रित आजीवन सिकाइका कार्यक्रम सञ्चालन गरिनेछ।

९.५.१.२ कालिञ्चोक गाउँपालिकाभित्र विविध कारणवश औपचारिक शिक्षाबाट बञ्चित विभिन्न उमेर समूहका नागरिकहरूको तथ्याङ्क सङ्कलन गर्न प्रत्येक वडाभित्रका माध्यमिक र आधारभूत विद्यालयका विद्यार्थीहरूको परियोजना कार्यलाई समेत प्रयोगमा ल्याइने छ।

९.५.१.३ विद्यालयका अभिभावक गोष्ठीमार्फत नवसाक्षर र निरक्षर नागरिकहरूलाई चेतनामूलक साक्षारता कार्यक्रम सञ्चालन गरिनेछ।

९.५.१.४ साक्षरता सिकाइका लागि स्थानीय रेडियो, टेलिभिजन, विभिन्न मोबाइल एप, अनलाइन जस्ता सञ्चार प्रविधि, सार्वजनिक पुस्तकालय, सामुदायिक सिकाइ केन्द्रमा पहुँचको अभिवृद्धि गरिनेछ।

९.५.१.५ गाउँपालिकाका, विभिन्न सहकारी वित्तीय संस्था, विभिन्न आमा समूह, वन उपभोक्ता समूह, बालक्लब, रेडक्रस, स्काउट र सरकारी तथा गैरसरकारी सङ्घसस्था र अन्य साझेदारहरू परिचालन गरी साक्षरता र निरन्तर शिक्षाको निम्ति नागरिकहरूलाई अभिप्रेरित गरिनेछ।

**९.५.२. अनौपचारिक, खुला र निरन्तर माध्यमबाट प्राप्त ज्ञान र सिपलाई दैनिक जीवनसँग जोड्दै औपचारिक शिक्षाको समकक्षता बराबर विकास र विस्तार गर्ने।**

९.५.२.१ अनौपचारिक शिक्षालाई आवश्यकतानुसार सूचना र सञ्चार प्रविधिको प्रयोग गरी दूर तथा खुला र प्रत्यक्ष एवम् ई-प्रत्राचार आदिको माध्यमबाट सञ्चालन गरिनेछ।

९.५.२.२ अनौपचारिक एवम् आजीवन सिकाइका लागि सङ्घ, प्रदेश र गाउँपालिकाबीच स्रोत साझेदारीको प्रारूप विकास गरी लागू गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

९.५.२.३ राष्ट्रिय योग्यता प्रारूप अनुसार औपचारिक, अनौपचारिक र अतिरिक्त शिक्षाबीच समकक्षताको लागि निर्माण गरिएका नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्डको कार्यान्वयन गर्न सङ्घीय र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

९.५.२.४ अनौपचारिक शिक्षाको सञ्चालन र व्यवस्थापन गाउँपालिकाको समन्वयमा वडा कार्यालयले गर्नेछ र सोको प्रत्यक्ष सुपरीवेक्षण अनुगमन, मूल्याङ्कन र नियमन गाउँपालिकाले गर्नेछ।

**९.५.३. पठन संस्कृतिको विकास र निरन्तर शिक्षाको अभिन्न अङ्गको रूपमा कालिञ्चोक सार्वजनिक पुस्तकालय र सामुदयिक सिकाइ केन्द्र स्थापना, क्षमता अभिवृद्धि, व्यवस्थापन र सञ्चालन गर्ने।**

९.५.३.१ सार्वजनिक पुस्तकालयलाई सङ्घ र प्रदेशसँगको समन्वयमा सूचना तथा सञ्चार, प्रविधियुक्त बनाई क्षमता अभिवृद्धि गरिनेछ।

९.५.३.२ पुस्तकालयलाई आत्मनिर्भर बनाउँदै सार्वजनिक पुस्तकालयलाई गाउँपालिकाका सबै वडाहरूमा स्याटलाईट पुस्तकालय तथा घुम्ती पुस्तकालय सेवा सञ्चालन गरिनेछ।

९.५.३.३ गाउँपालिका भित्रका सबै विद्यालयमा तह र कक्षाअनुसार सन्दर्भ सामग्री सहितका पुस्तकालयहरू स्थापना गरिनेछ।

९.५.३.४ आजीवन सिकाइ तथा निरन्तर शिक्षाका लागि प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको स्थापना, क्षमतावृद्धि, विस्तार र सुदृढीकरण गरिनेछ।

**९.५.४. गाउँपालिकाका विभिन्न उमेर समूहका व्यक्तिहरूलाई आवश्कता अनुसार व्यवहारिक ज्ञान, सिप र सूचना प्रदान गर्ने।**

९.५.४.१ विभिन्न समुदायलाई कामको प्रकृति हेरी अनौपचारिक शिक्षामा सहभागी गराइने छ।

९.५.४.२ व्यावहारिक शिक्षालाई वैयक्तिक विकास, सामाजिक सहभागिता एवम् कार्यथलोमा सफलता प्राप्तिका लागि अपनाइने अन्तरनिहित तथा अन्तरवैयक्तिक सामाजिक संवेगात्मक कार्यकुशल सिपसँग जोडिने छ।

९.५.४.३ व्यवहारिक सिप र साक्षरताका क्षेत्र (7Rs) पढाइ (Reading) लेखाइ (Writing) अङ्कगणित (Arithmetic) अधिकार (Right) उत्तरदायित्व (Responsibility) अन्तरसम्बन्ध (Relationship)

मनोरञ्जन (Re-creation) लाई अन्योन्याश्रित बनाई कार्यमूलक साक्षरता सिपसँग जोडिने छ।

९.५.४.४ गाउँपालिका क्षेत्रका विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक कार्यक्रमहरू (वैकल्पिक, अनौपचारिक, खुला, परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि) सञ्चालन गरिनेछ।

**९.६. शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीति तथा कार्यनीति :**

**९.६.१. सिकाइलाई प्रभावकारी र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने।**

९.६.१.१ सबै सूचनाहरू प्राप्त हुने गरी क्लाउड प्रविधिबाट डाटा सेन्टर तथा डिजिटल ल्याबको स्थापना र सञ्चालन गर्नका लागि सङ्घ प्रदेश सरकार, नेपाल टेलिकम र अन्य इन्टरनेट प्रदायक संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ।

९.६.१.२ सबै पाठ्यक्रम तथा पाठ्य सामग्रीको डिजिटल प्रति सहजै उपलब्ध हुने व्यवस्था मिलाइने छ।

९.६.१.३ घरपरिवार र समुदायलाई प्रविधिमैत्री बनाउन विद्यालय र शिक्षाका विभिन्न निकायहरू मार्फत सक्रिय र जिम्मेवार हुन प्रोत्साहित गरिनेछ।

९.६.१.४ विद्यालयमा विद्युतीय पुस्तकालय (E-Library) को अन्तर सञ्जाल निर्माण गरी प्रविधिमय पठन संस्कृतिको विकास गरिनेछ।

९.६.१.५ सिकारु केन्द्रित शिक्षण सिकाइलाई प्रभावकारी बनाउन व्यक्तिले सहजै प्रयोग गर्न सक्ने सामग्री ट्याब्लेट, स्मार्टफोन, मोबाइल आदिको प्रयोगमा सर्वसुलभता ल्याइने छ।

**९.६.२. डिजिटल डिभाइड कम गर्दै विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।**

९.६.२.१ विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि उपयोगी हुने गरी डिजिटल सामग्री विकास गरिनेछ।

९.६.२.२ विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा सुविधा विस्तार मार्फत विद्यालय शिक्षक र विद्यार्थीको पहुँचमा विस्तार गर्न एक शिक्षक एक ल्यापटप, विपन्न विद्यार्थी स्मार्टफोन कार्यक्रममा समन्वय र सहकार्य गरिनेछ।

९.६.२.३ गाउँपालिकामा एक वडा एक सामुदायिक सिकाइ केन्द्रको अवधारणा अनुसार सामुदायिक सिकाइ केन्द्रलाई (DigitalLearning Center) को रूपमा विकास गरी औपचारिक शिक्षा साथै साक्षरतासँग व्यावसायिक सिप विकास र अन्य क्रियाकलाप

सञ्चालन गरी अनौपचारिक तथा निरन्तर शिक्षालाई निरन्तरता दिन टेवा पुऱ्याउने छ।

९.६.२.४ सामुदायिक सिकाइ केन्द्र र सामुदायिक पुस्तकालयहरू एकीकृत गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सेवालाई सहज र प्रभावकारी बनाइने छ।

**९.६.३. शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहज छिटोछरितो र सस्तो बनाउन प्रविधिमैत्री पूर्वाधार विकासका लागि आवश्यक लगानी वृद्धि गर्ने।**

९.६.३.१ सबै शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ।

९.६.३.२ IEMIS को प्रयोगलाई व्यवस्थित गरी विद्यालयले जुनसुकै समयमा पनि आवश्यकता अनुसार आफ्ना सूचनालाई अपलोड अर्थात सूचनालाई प्रविष्टि गर्न सक्ने र उक्त अद्यावधिक सरोकारवालाले प्रयोग गर्न सक्ने गरी सूचना संयन्त्रको विकास गर्न सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ। साथै विद्यालयमा निकासा गरिने सम्पुर्ण रकम IEMIS मा Request form भराई सेही बमोजिम निकासा गरिने छ ।

९.६.३.३ गाउँपालिका र इन्टरनेट प्रदायक संस्थाहरूबीच विद्यालयमा इन्टरनेट सेवालाई सस्तो छिटो र सर्वसुलभ बनाउनका लागि समन्वय र सहकार्यमा

अभिवृद्धि गरी सबै विद्यालयमा भरपर्दो र गुणस्तरीय इन्टरनेट सेवा जडान गर्ने व्यवस्था गरिनेछ।

९.६.३.४ प्रारम्भिक तहदेखि उच्च तहसम्मको शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै कक्षाकोठाहरूमा स्मार्ट टि.भि., डिजिटल बोर्ड, प्रोजेक्टर आदि प्रविधिको पहुँचमा विस्तार गरिनेछ।

९.६.३.५ विद्यालय प्रशासनद्वारा प्रसारण गर्नुपर्ने सूचनालाई एकैपटकमा सबै कक्षा र विद्यार्थी समक्ष पुग्ने प्रधानाध्यापक कार्यकक्षमा सूचना प्रसारण प्रणालीको विकास गरिनेछ।

**९.६.४. शिक्षामा कार्यरत जनशक्तिलाई सूचना र सञ्चारको प्रयोग र उपयोगका निम्ति सिपयुक्त बनाउने।**

९.६.४.१ सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरी गाउँपालिकाका सबै विद्यालयलाई सूचना र प्रविधि सम्पन्न बनाई विद्यालयहरूमा कार्यरत जनशक्तिमा सूचना र प्रविधिको प्रयोग तथा उपयोगका निम्ति सिप र दक्षताको विकास गरिनेछ।

९.६.४.२ शिक्षकहरूको क्षमता विकास गर्ने क्रममा शिक्षण पेसामा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधि सम्बन्धीको सिपलाई अनिवार्य गरिनेछ।

९.६.४.३ तालिम केन्द्रहरूमा मिश्रित पद्धति (Blended Approach) बाट तालिम सञ्चालन गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षकको पेसागत विकासमा सहयोग पुऱ्याउन सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

९.६.४.४ शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ।

९.६.४.५ विद्यालयमा आइसीटिका क्षेत्रमा सिप र क्षमता भएका जनशक्तिलाई प्रोत्साहित गर्नका लागि आवश्यक साधन स्रोत र संयन्त्रको व्यवस्था गरिनेछ।

९.६.४.६ शिक्षकहरूमा सूचना र प्रविधिको प्रयोग सम्बन्धी दक्षता अभिवृद्धिका लागि प्रविधिमैत्री शिक्षक समाज र शिक्षक महासङ्घ र पेशागत सङ्घ सँगठन आदि संस्थालाई जिम्मेवार बनाइने छ।

९.६.४.७ सूचना प्रविधिमा दक्षता हासिल गर्न नसकेका शिक्षकहरूको क्षमता विकासका लागि शिक्षा, युवा तथा खेलकुद शाखामा सूचना, सञ्चार तथा प्रविधि विज्ञको व्यवस्था गरी सहजीकरण गरिनेछ।

**९.६.५. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउने।**

९.६.५.१ आईसीटीमा अफिस प्रोग्राम जस्तै विद्यालय प्रोग्राम एवम् शिक्षा प्रोग्रामको विकास गरी प्रयोगमा ल्याइने छ।

९.६.५.२ गाउँपालिका र शिक्षालयहरूबीचको शैक्षिक व्यवस्थापकीय र प्रशासनिक कारोवारको आदानप्रदानलाई क्रमश कागजविहीन पद्धतिमा रूपान्तरण गरिनेछ।

९.६.५.३ शिक्षण सिकाइ कार्यलाई प्रभावकारी र उद्देश्य केन्द्रित बनाउन सबै कक्षा कोठाहरूमा सिसि टिभि जडान गरी शिक्षण सिकाइ कार्यलाई व्यवस्थित गरिनेछ।

**९.६.६.** सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्दा हुन सक्ने अवाञ्छनीय प्रयोगका साथै अनपेक्षित सूचना प्रवाहलाई निरुत्साहित गरिने छ।

९.६.६.१ शिक्षा मन्त्रालयद्वारा तर्जुमा गरिएको शिक्षामा सूचना तथा सञ्चार गुरुयोजनाको प्रभावकारी कार्यान्वयन र नियमन कार्यको लागि विशेष व्यवस्था मिलाइने छ।

९.६.६.२ सूचना र सञ्चारको दुरूपयोगको न्यूनीकरण र साइबर अपराधहरूलाई नियन्त्रण गर्नका लागि जनचेतनाको अभिवृद्धि लगायत कानुनको निर्माण एवम् कार्यान्वयन जस्ता विषयलाई प्राथमिकता दिइने छ।

**९.६.७. शिक्षण सिकाइमा (STEAM) शिक्षालाई क्रमशः प्रयोगमा ल्याउने व्यवस्था गर्ने। ७.१ (STEAM) लाई सूचना प्रविधिसँग जोडेर शिक्षण सिकाइ रणनीति अपनाइने छ।**

**९.६.८. प्रत्येक विद्यालयहरूको Website तथा Blog निर्माण गरी सम्पूर्ण विद्यालयका गतिविधिहरूलाई विद्यार्थी र अभिभावकको हितमा बनाउने।**

९.६.८.१. विद्यालयको गतिविधिहरूलाई सबैको पहुँचयोग्य बनाउन गाउँपालिका भित्रका सबै विद्यालयहरूको Website तथा Blog निर्माण गरी यसको प्रभावकारी र निरन्तर प्रयोग गरिनेछ।

९.६.८.२. Website तथा Blog मार्फत विद्यार्थीका लागि परियोजना कार्य नतिजा प्रकाशन तथा विद्यालयका सम्पूर्ण गतिविधिहरू सार्वजनिक गरिनेछ।

## ९.७ शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श सम्बन्धी नीति तथा कार्यनीतिहरू :

**९.७.१.** दलित, महिला, सीमान्तकृत आदिवासी जनजाति, विभिन्न खाले अपाङ्गता भएका, भौगोलिक कठिनाइमा बसोवास गर्ने, असहाय तथा आर्थिक रूपले विपन्न, प्राकृतिक प्रकोपका कारण विस्थापित हुन पुगेका, जोखिममा रहेका तथा द्वन्द्व प्रभावित समुदायका बालबालिकाहरूको शिक्षामा पहुँच अभिवृद्धि गर्ने।

९.७.१.१. दलित तथा सीमान्तकृत समुदायका बालबालिका, जुनसुकै किसिमका अपाङ्गता भएका, सामाजिक

बहिष्करणमा परेका तथा विपन्न परिवारका बालबालिकालाई समाहित गर्दै आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन र पहुँच सुनिश्चित गरिनेछ।

९.७.१.२. सबै तह र सबै प्रकारका विद्यालयहरूमा छात्रछात्रा तथा अपाङ्गतामैत्री भौतिक एवम् शैक्षिक वातावरणको विकास गरी लक्षित वर्गका बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराइने छ।

९.७.१.३. प्राकृतिक प्रकोपका कारण विस्थापित हुन पुगेका, जोखिममा रहेका, घर र विद्यालयसँगको दुरी टाढा भई आवतजावत गर्न अप्ठेरोमा रहेका तथा द्वन्द्व प्रभावित समुदायका बालबालिकाहरूको शिक्षामा पहुँच अभिवृद्धि गरिनेछ।

९.७.२. **पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइका सहयोगी सामग्री लगायत समग्र शैक्षिक गतिविधिमा समता तथा समावेशिता कायम गरी सिकाइलाई विविधतापूर्ण बनाउने।**

९.७.२.१. लक्षित समूहका बालबालिकाको सिकाइ आवश्यकता सम्बोधन गर्न र गुणस्तरीय शिक्षा प्रदान गर्न स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकमा समसामयिक परिवर्तन गर्न र सहयोगी शैक्षिक सामग्रीको विकास गरिनेछ।

९.७.२.२. अपाङ्गता भएका बालबालिकाको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा

र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराइने छ।

**९.७.३. विद्यालयमा कुनै पनि प्रकारको विभेद, अवहेलना नभएको र सबै बालबालिकाले सम्मानित महशुस गर्ने वातावरण कायम गर्ने।**

९.७.३.१. विद्यालयको वातावरणलाई विभेदरहित, शान्त र सुव्यवस्थित बनाउँदै विद्यालय प्रवेश गर्ने सबै बालबालिकाले आफू सम्मानपूर्ण वातावरणमा अध्ययन गर्न, सिक्न, खेल्न र आफ्नो प्रतिभाको प्रस्फुटन गर्न सक्ने वातावरण सिर्जना गरिनेछ।

९.७.३.२. विद्यालयमा बालबालिकाको उमेर, जाति, लिङ्ग, वर्ण, अपाङ्गता, भाषा, धर्म, संस्कृति, विपन्नता, सम्पन्नता, शारीरिक बनावट, असहायपन आदिलाई लिएर शिक्षक विद्यार्थी तथा विद्यार्थी विद्यार्थीबिच भेदभाव गरिने छैन।

९.७.३.३. कालिञ्चोक गाउँपालिका भित्रका विद्यालयमा भर्ना हुने सम्पूर्ण बालबालिकाको मनोभावनामा नकारात्मक प्रभाव नपार्न जुनसुकै पृष्ठभूमिबाट आएका बालबालिका भए तापनि उनीहरूको विद्यालय पोसाकमा एकरूपता कायम गर्दै विद्यालय समयमभित्र उक्त पोसाकलाई अनिवार्य गरिनेछ।

**९.७.४. विद्यालयका पूर्व निर्मित संरचनाहरूमा समयसापेक्ष सुधार गर्दै निर्माण हुने संरचनाहरूमा बालमैत्री, अपाङ्गतामैत्री, छात्रछात्रामैत्री बनाउने।**

९.७.४.१. विद्यमान संरचनाहरूमा समायानुकूल परिवर्तन र सुधार गर्दै लगिने तथा विद्यालयका लागि नयाँ निर्माण गरिने भौतिक संरचनाहरू (जस्तै धारा, कक्षाकोठा, रेलिङ, फर्निचर, शौचालय आदि) अपाङ्गतामैत्री, बालमैत्री तथा छात्रछात्रामैत्री बनाइने छ।

९.७.४.२. शारीरिक अपाङ्गता भएका तथा घर र विद्यालय बीचको दुरी पैदल हिंडाइमा एक घण्टा भन्दा बढी लाग्ने बालबालिकाहरूलाई मध्यनजर गरी आवश्यकताका आधारमा विद्यालयमा छात्र छात्रा आवासगृहको व्यवस्था गरिनेछ।

९.७.४.३ साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरूका लागि अपाङ्गताको प्रकृति र स्तर अनुसार आवश्यक शैक्षिक सामग्री, खेल सामग्रीको समुचित प्रबन्ध गरिनेछ।

**९.७.५. कठिन र असहज परिस्थितिका कारण विद्यालय शिक्षाबाट बञ्चित बालबालिकाहरूलाई मनोसामाजिक परामर्शका माध्यमबाट विद्यालयमा आउने वातावरण सिर्जना गरि विद्यालय तहको शिक्षा पूरा गर्ने अवसरको सुनिश्चितता गर्ने।**

९.७.५.१. विभिन्न असहज परिस्थितिका कारणले अप्ठेरो अवस्थामा बाँचिरहेका बालबालिकाहरूलाई मनोसामाजिक परामर्शका माध्यमबाट उनीहरूको

घरायसी वातावरणलाई बालमैत्री र सिकाइका लागि अनुकुल बनाउन सहयोग गरिनेछ।

९.७.५.२. फरक क्षमता भएका, ढिलो सिक्ने बालबालिका, तीक्ष्ण बौद्धिक क्षमताका सामान्य सिकाइ क्षमता भएका सबै बालबालिकालाई सम्बोधन हुने गरी उनीहरूको पठनपाठनलाई अर्थपूर्ण बनाउन मनोसामाजिक परामर्शलाई जोड दिइनेछ।

९.७.५.३. विद्यालय उमेरका भर्ना नभएका बालबालिकाहरूलाई औपचारिक शिक्षा प्रदान गर्न मनोसामाजिक परामर्शका माध्यमबाट विद्यालय आउने वातावरण तयार गरिनेछ।

९.७.५.४. बिचैमा विद्यालय छाडेका पूर्व विद्यार्थीहरूले पुनः भर्ना भई अध्ययन गर्न चाहेमा उचित सल्लाह, मनोसामाजिक परामर्श तथा भावनात्मक सहयोग उपलब्ध गराइ विद्यालय प्रवेशको अवसर दिइने छ।

९.७.६. **किशोरकिशोरीहरूमा उमेरका कारण आउने शारीरिक तथा मानसिक परिवर्तनलाई आत्मसात गर्दै सानै उमेरमा गर्ने विवाहलाई रोक्न विद्यालयमा मनोसामाजिक परामर्श तथा सल्लाहलाई जोड दिने।**

९.७.६.१. आधारभूत तहसम्मको पढाइ पूरा नगरी रोजगारीको खोजीमा लाग्ने, घरकै काममा अलमलिने तथा विद्यालयको उपस्थितिलाई अनियमित बनाइरहेका बालबालिकालाई नियमित उपस्थितिका लागि

आवश्यक सहयोग उपलब्ध गराउन पहल गर्नुका साथै उनीहरूका अभिभावकलाई जिम्मेवार बनाइने छ।

९.७.६.२. बाल विवाहलाई न्यूनीकरण गर्न बालबालिका र उनीहरूका अभिभावकलाई सल्लाह र मनोसामाजिक परामर्श, कानूनी सचेतना कार्यक्रम र अभिभावक शिक्षा सञ्चालन गरिनेछ।

९.७.६.३. विद्यार्थीलाई उचित र नियमित किसिमले मनोसामाजिक परामर्श प्रदान गर्नका लागि शिक्षकहरूलाई आधारभूत तहको तालिम र सिपको विकास गरी प्रत्येक विद्यालयमा आवश्यकताका आधारमा कार्यरत शिक्षकलाई मनोपरामर्श दाताको रूपमा क्षमताको विकास गरिनेछ।

**९.८. पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन सम्बन्धी नीति तथा कार्यनीतिहरू :**

**९.८.१. स्थानीय आवश्यकता र विश्व परिवेशलाई आत्मसात गरी पाठ्यक्रमलाई आवश्यकतामा आधारित (समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी) बनाउने।**

९.८.१.१ स्थानीय पाठ्यक्रमलाई आवश्यकतामा आधारित (समय सापेक्ष सान्दर्भिक र गुणस्तरीय) बनाई समृद्ध गाउँपालिका बनाउनका लागि सक्षम र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने नागरिक तयार गर्नको लागि स्थानीय पाठ्यक्रमको प्रभावकारी

रूपमा कार्यान्वयन र मूल्याङ्कन गरी आवधिक रूपमा परिमार्जन र सुधार गरिनेछ।

९.८.१.२ समय सँगसँगै विकसित भइरहेको विज्ञान र प्रविधिको परिवर्तनलाई सम्बोधन र तिनीहरूलाई समावेश गरी पाठ्यक्रमको परिवर्तन र परिमार्जन गर्ने कार्यलाई सहज, सरल, छरितो बनाइने छ।

**९.८.२. गाउँपालिकामा भएका प्रत्येक सामुदायिक विद्यालयहरूमा सूचना, सञ्चार तथा प्रविधि ल्याब र ई-पुस्तकालय स्थापना गरी त्यसलाई आवश्यकता अनुसार सञ्चालन गर्ने।**

९.८.२.१ प्रत्येक सामुदायिक विद्यालयमा सूचना सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्री सहितको पुस्तकालयको स्थापना र निर्माण गरी शिक्षक तथा विद्यार्थीहरूलाई प्रविधिको प्रयोगका साथसाथै ज्ञान र सिपको विस्तार गरी खोजमूलक शिक्षण सिकाइको प्रयोग गर्ने वातावरणको सुनिश्चित गरिनेछ।

**९.८.३. गाउँपालिकामा पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कनको क्षेत्रमा कार्य गर्नका लागि आवश्यक पर्ने उपयुक्त संरचनासहित दक्ष जनशक्तिको व्यवस्था गर्ने।**

९.८.३.१ गाउँपालिकाबाट प्रकाशित हुने पाठ्यपुस्तकको गुणस्तर सुधार गर्न प्रतिस्पर्धात्मक प्रक्रियालाई अवलम्बन गरी पाठ्यपुस्तकको विकास गरिनेछ। कागज तथा छपाइको गुणस्तर समेत सुधार गरी बहुवर्षीय प्रयोगको सम्भाव्यता परिक्षण गरिनेछ।

९.८.३.२ स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गरी त्यसलाई प्रयोग र व्यवस्थित गर्न गाउँपालिकाले आफ्नो र विद्यालयको सक्षमता विकास गरी जिम्मेवारी र जवाफदेहिताको विकास गरिनेछ।

९.८.३.३ भाषा आयोगको परामर्शमा गाउँपालिका स्तरीय प्रज्ञा प्रतिष्ठानको स्थापना गरी भाषिक तथा साहित्यिक लेखन परम्पराको विकास गर्ने कार्यको आरम्भ गरिनेछ।

९.८.३.४ सङ्घीय सरकार र प्रदेश सरकारको सहयोग र सहकार्यका आधारमा गाउँपालिकामा स्थानीय पाठ्यक्रम विकास गरी मौजुदा संरचनालाई पुनरावलोकन गरिनेछ।

**९.८.४. सिकाइलाई सिकारुको दैनिक जीवनसँग सम्बन्धित हुने गरी विषयवस्तुलाई अन्तर सम्बन्धित हुने गरी सिकाइ क्रियाकलापहरूलाई सञ्चालनमा ल्याउने।**

९.८.४.१ वैकल्पिक सिकाइका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी सम्बन्धित गाउँपालिकामा पर्न सक्ने विपद, महामारी र सङ्कटपूर्ण अवस्थामा सिकाइलाई निरन्तरता दिनको लागि सामुदायिक विद्यालयको संरचनामा संरचनागत सुधार, शिक्षकको पेसागत सक्षमता, विकास र पर्याप्त सिकाइलाई

आवश्यक सामग्री विकास गरी सिकाइ अवसरलाई अभिवृद्धि गरिने छ।

**९.८.५. पूर्वीय दर्शन अनुसार मूल्य मान्यता र आदर्शलाई अन्तरसम्बन्धित विषयवस्तुको रूपमा पाठ्यक्रममा समावेश गरी पाठ्यक्रमलाई अनुसन्धानमुखी तरिकाले विकास गरी कार्यान्वयन गर्ने।**

९.८.५.१ पूर्वीय दर्शन, मानवीय मूल्य र आदर्शमा आधारित समाज निर्माणमा सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग गरी सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक र राजनैतिक जस्ता कुराहरूलाई पाठ्यक्रममा समावेश गर्न स्थानीय पाठ्यक्रमलाई समसामयिक, सान्दर्भिक र व्यवहारिक बनाउँदै लगिने छ।

९.८.५.२ स्थानीय पाठ्यक्रम, तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितमूलक बनाई स्थानीय सरोकारवाला निकायहरूलाई अपनत्व हुने गरी जवाफदेहि बनाउन विद्यालयमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्बन गरी परीक्षणका लागि कार्यान्वयनमा लगिने छ। साथै विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीका सम्बन्धमा सम्बन्धित शिक्षक तथा सरोकारवाला निकायलाई प्रभावकारी ढङ्गबाट प्रबोधिकरण गरिनेछ।

९.८.५.३ सङ्घीय संरचना अनुसार गाउँपालिकाबाट स्थानीय पाठ्यक्रम विकास गरी पाठ्यक्रमको प्रभावकारी

कार्यान्वयनका गर्नका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याइने छ।

९.८.५.४ स्थानीय तहबाट निर्माण गरिने पाठ्यक्रम र सन्दर्भ सामग्रीहरू स्थानीय आवश्यकतामा आधारित बनाई निर्माण र कार्यान्वयन गरिनेछ।

**९.८.६. कक्षाकोठाको शिक्षण सिकाइलाई पाठ्यपुस्तकमा मात्र सीमित नगराई पाठ्यक्रमको उदेश्य पुरा गर्ने अन्य क्रियाकलापका लागि उपयुक्त वातावरण बनाउन शिक्षकको दक्षता र समर्पण भावमा सुधार गर्ने।**

९.८.६.१ परम्परागत पाठ्यपुस्तकमा आधारित शिक्षण सिकाइलाई बालकेन्द्रित, अपाङ्गतामैत्री बनाई सूचना र सञ्चार प्रविधिको उचित प्रयोग गर्दै सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक, समस्या समाधान केन्द्रित विधिको विकास गरिने छ। साथै प्रारम्भिक बालविकास शिक्षण सिकाइमा पाठ्यपुस्तकको मात्र निर्भरतालाई न्यूनीकरण गर्दै लगिने छ।

९.८.६.२ सामुदायिक विद्यालयहरूलाई वैकल्पिक तथा बहुकक्षा शिक्षण सिकाइ अनुरूपका शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न प्रत्येक सामुदायिक विद्यालयहरूलाई सक्षम बनाउँदै लगिने छ।

९.८.६.३ पाठ्यक्रम कार्यान्यनमा रहेका समस्याहरूका लाई कार्यान्वयन तहमा समाधान गरी शिक्षण सिकाइ

प्रक्रियालाई प्रभावकारी बनाइने छ। सिकारुको सिकाइ उपलब्धीप्रति सम्बन्धित शिक्षकलाई जिम्मेवार र जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धीलाई शिक्षकको वृत्तिविकाससँग जोड्दै लैजाने वातावरणको सिर्जना गरिनेछ।

९.८.६.४ पाठ्यक्रम परिमार्जनका क्रममा परिमार्जित पाठ्यक्रम वा विकसित नयाँ पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकमा हुनुपर्ने र विकास गर्नु पर्ने सक्षमताको यकिन गरी शिक्षकको पेसागत सक्षमता विकास गरी पाठ्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ।

**९.८.७. पाठ्यक्रममा आधारित भई शिक्षण सिकाइ प्रक्रियाद्वारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार सिकारुमा ज्ञान, सिप, र व्यवहार विकासमा सहजीकरण गर्ने।**

९.८.७.१ शिक्षकका लागि शिक्षक निर्देशिका, स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्रीहरूको विकास, परिमार्जन तथा समायोजन गरी डिजीटलाइज, अनलाइन सिकाइ पोर्टलमार्फत सर्वसुलभ गराइने छ।

९.८.७.२ पाठ्यक्रम विकास गरी त्यसलाई कार्यान्वयनमा लैजानको लागि सम्बद्ध सरोकारवालाहरू, अभिभावक, शिक्षक, विद्यार्थी, समाजसेवी, शिक्षाप्रमी, बुद्धिजीवि, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरू,

परम्परागत ज्ञान र सिपका ज्ञाताहरू, अनुसन्धाताहरू आदिको सहभागिता र भूमिकामा वृद्धि गरिनेछ।

**९.८.८. स्तरीय र विद्यार्थीमैत्री पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरूको लेखन र प्रकाशन गरी विद्यार्थीरुलाई हौसला प्रदान गराएर लेखन र प्रकाशन संस्कृतिको विकासमा जोड दिने।**

९.८.८.१ बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अबरोध नहुने गरी माध्यम भाषा छनोट गरिने छ।

९.८.८.२ संघीय र प्रदेश सरकारको सहयोगमा अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच बढाउनका लागि सिकाइ सामग्रीलाई ब्रेललिपिको व्यवस्था गर्ने र श्रव्यदृश्यमा आधारित सांकेतिक भाषाका शैक्षिक सामग्रीको विकास र प्रयोगलाई कार्यान्वयनमा ल्याउनको लागि प्राथमिकतामा राखिने छ।

**९.८.९. सिकारुको सिकाइका क्रममा देखिएका समस्याहरूको समाधान गर्न आवधिक र स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्ने।**

९.८.९.१ शिक्षण सिकाइलाई भन्दा परीक्षालाई बढी महत्व दिने संस्कारलाई केही हदसम्म न्यूनीकरण गरी शिक्षण सिकाइ प्रक्रियालाई प्राथमिकतामा राखिने छ।

९.८.९.२. विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई विश्वसनीय, वैध र बस्तुनिष्ठ बनाइनेछ।

**९.९. प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धी नीति तथा कार्यनीतिहरू :**

**९.९.१. प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास र विस्तार गरी क्षमता विस्तार गर्ने।**

९.९.१.१ गाउँपालिकाभित्र प्राविधिक तथा व्यावसायिक शिक्षाको सम्भाव्यता अध्ययन गरिनेछ।

९.९.१.२ प्राविधिक तथा व्यावसायिक शिक्षाका क्षेत्रमा आवश्यक जनशक्ति उत्पादनका लागि स्थानीय विद्यालय, प्रदेश प्राविधिक शिक्षालय तथा सङ्घीय र प्रदेश विश्वविद्यालयसँग सहकार्य गरिनेछ।

९.९.१.३ प्राविधिक शिक्षाका गतिविधिलाई प्रयोगात्मक, व्यावहारिक र समयानुकूल बनाउन शैक्षिक संस्थाले उद्योग, व्यापार, विभिन्न सङ्घसंस्था लगायतका कार्यस्थल र समूदायसँग सहकार्य र लागत साझेदारी गर्ने प्रबन्ध गरिनेछ।

९.९.१.४ कालिञ्चोक गाउँपालिकामा सञ्चालित प्राविधिक ९-१२ शिक्षाका लागि छुट्टै भवनमार्फत सैद्धान्तिक तथा प्रयोगात्मक कक्षा सञ्चालन गरिनेछ।

९.९.१.५ गाउँपालिकाभित्रका विद्यालयमा सम्भाव्यताका आधारमा विद्यालयको हावापानी, परिवेश, स्थानीय माग र क्षमताका आधारमा प्राविधिक धार तथा व्यावसायिक सिप विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

९.९.१.६ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले तयार गरेका प्राविधिक र व्यावसायिक धारका कार्यक्रमहरूलाई गाउँपालिकाको आवश्यकता, सम्भाव्यता र मौलिकताअनुकूल हुनेगरि छनौट गरेर सञ्चालन गर्न गाउँपालिका स्तरमा विशेषज्ञहरू समेत भएको प्राविधिक तथा व्यावसायिक शिक्षा व्यवस्थापन एकाइको गठन गरिनेछ।

**९.९.२. प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षामार्फत आयआर्जन र रोजगारीका अवसर वृद्धि गर्ने।**

९.९.२.१ नवीन प्रविधि, व्यावसायिक दक्षता र परम्परागत सिपलाई एकीकृत गरी आयआर्जन तथा रोजगारीका अवसर वृद्धि गरिनेछ।

९.९.२.२ परम्परागत तथा पुख्यौंली सिप तथा व्यावसायलाई आधुनिक प्रविधिमार्फत स्थापित गर्दै परम्परागत व्यावसायिक सिपलाई प्रमाणीकरण गर्न सङ्घीय र प्रदेशका त्यस सम्बन्धी संस्थागत संयन्त्रसँग सहकार्य गरिनेछ।

९.९.२.३ गाउँपालिकाको केन्द्र वा पायक पर्ने स्थानमा प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षार्थीहरूबाट उत्पादित सामग्रीहरूको बजारिकरणका लागि गाउँपालिकाको अनुदानमा सुपथ मूल्य पसल सञ्चालन गरिने छ र त्यसको सुरुवात गाउँपालिका भित्रका समग्र सामुदायिक विद्यालयका विद्यार्थी

पोसाकको एकरूपताका लागि पालिकाको सहकार्यमा सहकारी मार्फत गार्मेन्ट उद्योग स्थापना गर्न पहल गरिनेछ।

**९.९.३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सिपयुक्त र उद्यमशील जनशक्ति उत्पादन गर्ने।**

९.९.३.१ निजी क्षेत्रका रोजगारदाता सङ्घ संस्थाहरूको साझेदारीमा औद्योगिक सिप विकास कार्यक्रम, इन्टर्नसिप र अन द जब ट्रेनिङ सञ्चालन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

९.९.३.२ शिक्षा मन्त्रालयअन्तर्गत विद्यालय स्तरमा सञ्चालन भइरहेको प्राविधिक धारतर्फको कक्षा ९-१२ को कार्यक्रम र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत सञ्चालित तीन वर्षे प्राविधिक डिप्लोमा कार्यक्रमलाई एउटै ढाँचामा ल्याई समानस्तरको तीन वर्षे पाठयक्रम लागू गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

९.९.३.३ आर्थिक, सामाजिक तथा सांकृतिक कारणले पछि परेका व्यक्तिहरूलाई र अपाङ्गता भएका व्यक्तिहरूको प्राविधिक शिक्षाको आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवम् विशेष शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.९.३.४ प्राविधिक तथा व्यावसायिक शिक्षामा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अबल्मवन गर्न सङ्घ र प्रदेशसँग समन्वय र सहकार्य गरिनेछ।

९.९.३.५ गाउँपालिकामा सञ्चालनका रहेका सबै प्राविधिक शिक्षा सञ्चालन गरेका विद्यालयहरूलाई विद्यालयमा त्यहाँ अध्ययनरत विद्यार्थी सङ्ख्याका आधारमा अनुदान र छात्रवृत्ति कायक्रम उपलब्ध गराइने छ।

९.९.३.६ प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि निःशुल्क अवसर वा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने साथै गाउँपालिकाबाट त्यस प्रकारको शिक्षा अध्ययनका लागि वा उच्चशिक्षा अध्ययनका लागि छात्रवृत्ति कार्यक्रमलाई विस्तार गरी निरन्तरता प्रदान गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

**९.९.४ श्रमप्रति श्रद्धा र सम्मान गर्ने भावना र श्रम गर्ने अभिवृत्तिमा अभिवृद्धि गर्दै शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई समृद्धिसँग आवद्ध गर्ने।**

९.९.४.१ श्रम र श्रमिक सम्मान अभियानमार्फत अनुकरणीय श्रम गर्ने नवप्रवेशी श्रमिकलाई सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

९.९.४.२ प्राविधिक र व्यावसायिक क्षेत्रमा काम गर्ने जनशक्तिको दिगो व्यवस्थापनका लागि विशेष

प्रोत्साहन र पेसामा सुनिश्चितता हुने गरी कार्यक्रमको विकास गरेर कार्यान्वयन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

९.९.४.३ प्राविधिक र व्यावसायिक शिक्षाबाट उत्पादित जनशक्तिलाई मातृभूमि र समग्र मुलुकप्रति समर्पित र जिम्मेवारका साथै नैतिकवान र सेवाउन्मुख बनाउन र प्राविधिक तथा व्यावसायिक शिक्षाको पाठ्यक्रममा राष्ट्रियता, नैतिकता र मानवमूल्य जस्ता विषयवस्तुहरूको अन्तरघुलन गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

९.९.४.४ सबै क्षेत्र, हैसियत र वर्गका मानिसहरूमा श्रम संस्कृतिको विकास गरेर श्रम गर्ने र उत्पादनमा संलग्न हुने श्रमिक एवम् जनशक्तिका निम्ति सम्मानजनक सुविधा र पारिश्रमिकको व्यवस्था गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

९.९.४.५ व्यवसायिक तथा परम्परागत सिप र श्रमको सम्मान गर्दै गाउँपालिकाभित्र उत्पादित हस्तकला सामग्री जस्तै दुनाटपरी, माला, अतिथिसम्मानका ब्याच, हाते झोला आदिको उत्पादनमा प्रोत्साहन तथा बजारीकरणमा प्रर्वद्धन गरी यस्ता सामग्रीमा आत्मनिर्भर उन्मूख भएपश्चात वातावरण प्रदूषणजन्य

आयातित सामग्रीहरूलाई गाउँपालिका भित्र प्रतिबन्धित गरिनेछ।

९.९.४.६ प्रत्येक वर्ष गाउँपालिकाभित्र विविध क्षेत्रमा व्यावसायिक सिपमा आबद्ध अनुकरणीय स्वरोजगारकर्ता तथा उत्कृष्ट रोजगारदाता घोषणा गरी व्यावसायिक शिक्षाको प्रर्वद्धन गरिनेछ।

**९.१०. विद्यालय भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यनीतिहरूः**

**९.१०.१. विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा आवश्यकताका आधारमा उपलब्ध गराउने।**

९.१०.१.१ यस गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरूले पूर्वाधार निर्माणका लागि मागमा आधारित भन्दा वास्तविक आवश्यकताका आधारमा पूर्वाधार निर्माण गरिनेछ।

९.१०.१.२ पूर्वाधार निर्माण गर्दा विवादरहित तरिकाबाट आचारसंहिता बनाई कार्यान्वयन गरिनेछ।

**९.१०.२. भौतिक पूर्वाधार विकासका हिसाबले शैक्षिक संस्थाहरू सम्पन्न बनाउने।**

९.१०.२.१ विद्यालयमा भौतिक पूर्वाधार निर्माण गर्दा विद्यार्थी सङ्ख्या, सञ्चालित तह, मौजुदा कक्षाकोठा आदि जस्ता मानक निर्धारण गरी प्राथमिकताका आधारमा निर्माण गरिनेछ।

९.१०.२.२ विद्यालयहरूमा भौतिक पूर्वाधार निर्माण गर्दा कक्षाकोठा, शिक्षक स्टाफ कक्ष, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, पुस्तकालय, र आराम कक्ष योजना अनुसारको डिजाइन गरी निर्माण गरिने छ, साथै विद्यार्थी सङ्ख्याका आधारमा शौचालय, स्वच्छ खानेपानी, पर्याप्त खेलमैदान, प्राथमिक उपचार बाकस, सरसफाइ किट जस्ता आवश्यक पर्ने सामग्रीहरूको समेत व्यवस्था गरिनेछ।

९.१०.२.३ विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न नहुँदा सम्मको लागि अन्य कुनै स्थानमा पठनपाठन गर्ने वातावरण तयार गरिनेछ।

९.१०.२.४ गाउपालिका भित्र निर्माण गरिने भौतिक पूर्वाधार एकै डिजाइनको बनाउने कार्यनीति बनाई लागू गरिनेछ।

**९.१०.३. भूकम्प प्रतिरोधी, जोखिममुक्त र अपाङ्गतामैत्री भौतिक संरचनाको विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापन गर्ने।**

९.१०.३.१ विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने सबै प्रकारका भौतिक पूर्वाधारहरू भूकम्प प्रतिरोधी, जोखिममुक्त र अपाङ्गतामैत्री संरचना बनाइने छ।

९.१०.३.२ विद्यालयमा प्रवेश गर्ने बित्तिकै विद्यार्थीहरूले आफ्नै घरमा जस्तै सुरक्षित छु भन्ने महसुस गराउने वातावरणीय पक्षलाई एकीकृत प्रणाली (बालमैत्री,

अपाङ्गतामैत्री, छात्रामैत्री, सुरक्षित, हिंसारहित एवम् भयरहित सिकाइ केन्द्र) को माध्यमबाट विद्यालयहरूका क्षमता अभिवृद्धि गरिनेछ।

९.१०.३.३ सुरक्षित विद्यालय बनाउनका लागि जस्तापाता युक्त भवनहरूलाई विस्थापित गरी पक्की भवन निर्माण गर्ने कार्यलाई तिब्रता दिइनेछ।

९.१०.३.४ विद्यालय भवनको रङ्गरोगन गाउँपालिकाका विद्यालयहरूमा एकै खालको प्रयोग गरिनेछ साथै तह अनुसार र विषय अनुसारका कक्षाकोठाहरू सजावट गरी शिक्षणमात्रै कक्षाकोठाको विकास गरिनेछ।

९.१०.३.५ "एक विद्यार्थी एक बिरुवा" र "एक विद्यालय एक बालमैत्री बगैंचा" कार्यक्रम सञ्चालन गरी हरित विद्यालय कार्यलाई तिब्रता दिइने छ।

९.१०.३.६ छात्रामैत्री शौचालयको निर्माण गरी सेनेटरी प्याडको व्यवस्थापन गरिनेछ।

९.१०.३.७ सरकारी तथा गैरसरकारी सङ्घ संस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइ सम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी, प्रतिकार्य सम्बन्धी तालिम तथा अभिमुखीकरण जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**९.१०.४. विद्यालयमा पूर्वाधारका लागि आवश्यक पर्ने मापदण्ड विकास र कार्यान्वयन गर्ने।**

९.१०.४.१ पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र गाउँपालिकाको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गर्नका लागि आवश्यक पर्ने मापदण्ड तयार गरी लागू गरिनेछ।

९.१०.४.२ पूर्वाधार विकासका लागि गाउँपालिकाको भूगोल, हावापानी र विद्यार्थी सङ्ख्याको प्रक्षेपण जस्ता विषयलाई मध्यनजर गरी लागतका आधारमा कार्यनीति बनाई लागू गरिनेछ।

**९.१०.५. पूर्वाधार विकासका लागि पारदर्शी, एवम् जवाफदेही प्रणालीको विकासमा जोड दिने।**

९.१०.५.१ शैक्षिक संस्थाहरूको लागि निर्माण गरिएका पूर्वाधारहरू विद्यालयभन्दा बाहिरका अन्य निकायहरूले भाडा वा करारका आधारमा उपयोग गरेबापतको विद्यालयमा प्राप्त हुने आम्दानीलाई विद्यालयको मर्मत सम्भार कार्यमा उपयोग गरिनेछ।

९.१०.५.२ विद्यालयमा पूर्वाधार विकासका लागि विभिन्न सङ्घ संस्थाहरूसँग लागत साझेदारी गरिनेछ।

९.१०.५.३ विद्यालयमा निर्माण गरिएका पूर्वाधारहरूको संरक्षण र निगरानीका लागि स्थानीय बासिन्दाहरूलाई नै

अपनत्वको भावना जागृत गराउने वातावरण तयार गरिनेछ।

९.१०.५.४ बालबालिकाहरूको मनोरञ्जन र उनीहरूको सन्तुलित र स्वस्थकर विकासमा सहयोग पुऱ्याउनका लागि कम्तिमा प्रत्येक वडमा एउटा बाल उद्यानको स्थापना र विकास गरी सञ्चालनमा ल्याइने छ।

**९.११. आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा सम्बन्धी नीति तथा कार्यनीतिहरू :**

**९.११.१.** आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा सम्भाव्य जोखिम कम गर्न प्रदेश सरकार, सङ्घीय सरकार र विभिन्न सङ्घ संस्थाहरूसँग समन्वय गरी पूर्व सावधानी र तयारीको वातावरण सिर्जना गर्ने।

९.११.१.१ स्थानीय क्षेत्रको शिक्षामा प्रत्यक्ष वा परोक्ष प्रभाव पार्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा सङ्कटापन्नता (Vulnerability) को मूल्याङ्कन तथा विश्लेषण गरिनेछ।

९.११.१.२ गाउँपालिकाले सङ्कटापन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना बनाइ विद्यालयमा योजना निर्माण तथा कार्यान्वयन गर्न सहजीकरण गरिनेछ।

९.११.१.३ गाउँपालिका, शिक्षक, विद्यार्थी तथा अभिभावकहरूमा पूर्वतयारी, रोकथाम, प्रतिकार्य र पुर्नस्स्थापनाका लागि क्षमता विकासका कार्यक्रम गरिनेछ।

९.११.१.४ विद्यालयमा विपद् प्रतिरोधात्मक भौतिक पूर्वाधार निर्माण तथा पुर्नस्थापना गरिनेछ।

९.११.१.५ प्रत्येक विद्यालयमा सबैले देख्नेगरी विद्यालय सुरक्षा नक्सा राख्ने कार्यलाई अनिवार्य गरिनेछ।

**९.११.२ आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा विभिन्न परिवेशमा रहेका बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने।**

९.११.२.१ शैक्षिक सेवाको निरन्तरता प्रदान गर्न आवश्यक पर्ने यन्त्र उपकरण, शैक्षिक सामग्री, औषधी, खाद्यान्न, पोशाक लगायत राहत सामग्रीको व्यवस्था गरिनेछ।

९.११.२.२ प्राकृतिक प्रकोप, महामारी जस्ता विभिन्न आपतकालमा पनि बालबालिकाको शिक्षालाई प्रभावित हुन नदिन टोल शिक्षा, स्वअध्ययन सामग्री, सुचना तथा सञ्चार प्रविधिको प्रयोग जस्ता वैकल्पिक व्यवस्थालाई उपयोगमा ल्याइनेछ।

९.११.२.३ आपतकाल तथा सङ्कटमा शिक्षाको निरन्तरताका लागि गाउँपालिकाले सामग्रीको विकास गरी स्वयंसेवी शिक्षा दिन सम्बन्धित टोलमा उच्च शिक्षा अध्ययन गरेका जनशक्ति परिचालन गर्न पहल गरिनेछ।

९.११.२.४ आपतकाल तथा सङ्कटमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासहरूलाई स्थानीयकृत गरिनेछ।

**९.११.३. आपत् तथा सङ्कटको प्रतिकार्य (Responses) का लागि गाँउपालिका स्तरीय संयन्त्रको विकास गर्ने।**

९.११.३.१ प्राकृतिक विपद्, महामारी, शान्ति सुरक्षा र अधिकारका क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायबीच समन्वय तथा जिम्मेवारीको संयन्त्र बनाइनेछ।

९.११.३.२ विपद् तथा सङ्कटको व्यवस्थापनसँग सम्बन्धित गाँउपालिकास्तरीय संयन्त्र मार्फत मापदण्ड र निर्देशिका बनाइ कार्यन्वयनमा ल्याइनेछ।

९.११.३.३ विपदमा सेवा प्रवाह संयन्त्र प्रणाली र सेवा प्रवाहको रणनीति केन्द्र स्थापना गरिनेछ।

**९.११.४. विद्यालय शान्ति क्षेत्र सम्बन्धी अवधारणालाई आत्मसाथ गर्दै शान्त र सुरक्षित विद्यालय वातावरण सृजना गर्ने।**

९.११.४.१ विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यन्वयन निर्देशिका, २०६८ बमोजिम विद्यालयमा सशस्त्र गतिविधि, द्वन्द्व, र हिंसा जस्ता कार्य हुन नदिन दलगत राजनीति र अन्य हस्तक्षेपलाई निरुत्साहित गरी विद्यालयमा गठन गरिने दलगत विद्यार्थी सङ्गठनलाई पूर्ण प्रतिबन्ध लगाइनेछ।

९.११.४.२ बाढी, पहिरो, भूकम्प र महामारीको समयमा विद्यालयलाई आश्रय बनाउने कार्यलाई क्रमश कम गर्दै गाउँपालिकाकै सक्रियतामा प्रत्येक टोलहरूमा सुरक्षित घर निर्माण गर्ने कामलाई प्राथमिकता दिएर कार्यन्वयन गरिनेछ।

**९.११.५. विपद् प्रभावित बालबालिकाहरूको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक पक्षको ख्याल गर्दै मनोवैज्ञानिक सहजता कायम गर्न सहज समायोजनको वातावरण तयार गर्ने।**

९.११.५.१. सङ्कटपूर्ण अवस्थामा कसरी सुरक्षित रहने भन्ने सम्बन्धमा विद्यालयहरूमा शिक्षक तथा विद्यार्थीहरूलाई आधारभूत ज्ञान, सिप सहितको तालिम प्रदान गर्न अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

९.११.५.२. विपद् प्रभावित बालबालिकाहरूलाई सामान्य अवस्थामा फर्काइ उनीहरूको पढाइलाई अझ प्रभावित हुन नदिन मनोसामाजिक परामर्श प्रदान गरिनेछ।

**९.१२. शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन सम्बन्धी नीति तथा कार्यनीतिहरू :**

**९.१२.१. विद्यालयमा शिक्षक, कर्मचारीको व्यवस्थापन गरी सिकारुहरूको गुणस्तरीय शिक्षामा सहज पहुँचको विकास गर्ने।**

९.१२.१.१ सबै प्रकारका सिकारुहरूको गुणस्तरीय शिक्षामा सहज पहुँच र सोको व्यवस्थापनका लागि आवश्यक कानुन र संस्थागत संरचनाको स्थापना गरिनेछ।

९.१२.१.२ सिकाइ उपलब्धीको आधारमा शिक्षकको मूल्याङकन गरी शिक्षकहरूलाई शिक्षण सुधारमा जिम्मेवार र जवाफदेही बनाइने छ।

९.१२.१.३ शिक्षकको क्षमता विकास गरी सिकाइ उपलब्धी, शैक्षिक सामग्री निर्माण र पेशागत जिम्मेवारी तथा जवाफदेही बनाइने छ।

९.१२.१.४ विद्यालयको नतिजामा उत्कृष्टता हासिल गरेका शिक्षकलाई विद्यालय र गाउँपलिकाले प्रसंशा पत्र, पुरस्कार तथा सम्मान गर्ने व्यवस्था गरिनेछ।

९.१२.१.५ विद्यालयमा शिक्षणको माध्यम भाषा नेपाली वा अङ्ग्रेजी वा दुबै हुने छ।

**९.१२.२. शिक्षालयहरूको शासकीय सुधारसहित जनसहभागिता, सरोकारवालाहरूको प्रतिनिधित्व, पारदर्शिता, अपनत्व र उत्तरदायित्व प्रवर्द्धन गर्न सहभागितमूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम गर्ने।**

९.१२.२.१ प्रजातान्त्रिक वातावरणमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने व्यवस्था मिलाउन आवश्यकता अनुसार कानुनी व्यवस्था गरिनेछ।

९.१२.२.२ विद्यालयहरूको आर्थिक व्यवस्थापनलाई नतिजामुखी, पारदर्शी तथा जवाफदेही बनाउन सामाजिक परीक्षणलाई विद्यालय अनुदानको अनिवार्य सर्तकारूपमा व्यवस्था गरिनेछ।

९.१२.२.३ सबै विद्यालयहरूलाई तोकिएको समयमा (IEMIS) अद्यावधिक गर्न लगाईने छ।

९.१२.२.४ प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी लगायत विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संङ्घका पदाधिकारहिरुको क्षमता विकासका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.१२.२.५ सबै सरोकालवालाहरूको सहभागितामा वर्षमा कम्तिमा २ पटक भेला बोलाई छलफल गरिनेछ।

९.१२.२.६ विद्यालयहरूमा गरिने अतिरिक्त क्रियाकलाहरूलाई थप व्यवस्थित गरिनेछ।

९.१२.२.७ प्रत्येक शुक्रबार पुस्तक पठनपाठनको सट्टा व्यवहारकुशल सिप र जीवनोपयोगी शिक्षासँग सम्बन्धित सह कार्यकलाप गरिनेछ।

९.१२.२.८ विद्यार्थी सङ्ख्या, भौगोलिक दुरी, यातायातको सुविधाका आधारमा विद्यालयहरू कक्षागत, तह र आवश्यकता अनुसार पुरै विद्यालय नजिकको विद्यालयमा गाभ्ने व्यवस्था गरिनेछ।

९.१२.२.९ बाबुआमा नभएका तथा असहाय बालबालिकाको निम्ति विभिन्न सामाजिक सङ्घ संस्था र मनकारी सामाजिक अभियन्ताहरूसँग सहकार्य र समन्वय गरी उनीहरूको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आवश्यकता परिपुर्तिको सुनिश्चितता प्रदान

गर्नका लागी गाउँपालिकाले अभिभावकको भुमिका निर्वाह गरी असहाय बालबालिका संरक्षण केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ।

**९.१२.३. विद्यालयको प्रधानाध्यापकलाई अधिकार प्राप्त कार्यकारीको रूपमा अधिकारसम्पन्न गराउने गरी नियम कानुनको प्रबन्ध र परिमार्जन गर्ने।**

९.१२.३.१ अनुगमन र सुपरीवेक्षण पद्धतिलाई असल व्यक्ति, असल संस्था र असल कामहरूको बढावा, प्रचारप्रसार र बिस्तार हुने संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिनेछ।

९.१२.३.२ प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन प्रक्रियालाई पारदर्शी तथा नतिजामा आधारित बनाउन कार्यसम्पादन सम्झौता गरिनेछ।

९.१२.३.३ प्रधानाध्यपकलाई विद्यालय सञ्चालनप्रति पूर्ण जिम्मेवारी दिई नतिजा, कार्यबोझ तथा कार्यसम्पादन, मूल्याङ्कनका आधारमा मासिक प्रोत्साहन भत्ता लगायत अन्य सेवा सुविधाको व्यवस्था गरिनेछ।

**९.१२.४. समुदायलाई विद्यालयप्रति अपनत्व वृद्धि गर्दै सार्वजनिक शिक्षामा सुधार गर्ने।**

९.१२.४.१ शिक्षकलाई सिकाइ उपलब्धीका लागि विद्यार्थी र अभिभावक प्रति जवाफदेही बनाइने छ।

९.१२.४.२ विद्यालय र समुदायबीच सहयोगात्मक, सहकार्य र समन्वयलाई सुदृढ गरिनेछ।

९.१२.४.३ विद्यार्थीको सिकाइ उपलब्धी वृद्धि गर्न शिक्षकको कार्यसम्पादनका आधारमा मूल्याङकन गरी पुरस्कार र दण्डको व्यवस्था गरिने छ।

९.१२.४.५ शिक्षकको हकहितका लागि शिक्षक महासङ्घ, पेशागत सङ्घ सङ्गठन र विभिन्न सरोकारवालासँग समन्वय तथा सहकार्य गरिनेछ।

**९.१२.५. शिक्षामा सिर्जनशीलता, सांस्कृतिक सम्पत्तिहरूको संरक्षण, प्राकृतिक स्रोत र साधनको जगेर्ना बदलिँदो विश्व परिवेश अनुसारको शिक्षाको गुणस्तरलाई कायम गर्नका लागि सोहि अनुसारको अध्ययन र अनुसन्धान लागि शिक्षामा आवश्यक प्रबन्ध गर्ने।**

९.१२.५.१ अभिभावको बाहुल्यता र जनप्रतिनिधि, शिक्षाप्रेमी र समाजसेवीहरूको सहभागिता हुने गरी विद्यालय व्यवस्थापन समिति गठन गर्ने र विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयहरूको कार्यान्वयन गर्नका लागि कार्यकारी अधिकार प्रधानाध्यापकलाई हुने गरी कानुन बनाइ कार्यान्वयन गरिनेछ।

९.१२.५.२ विद्यालय व्यवस्थापन समितिमा प्रधानाध्यापकबाट पेश भएका प्रस्तावहरूलाई अनुमोदन गर्ने वा नगर्ने वा संशोधन सहित गर्ने अधिकार निहित राखी अनुमोदन भएका निर्णयहरूको कार्यान्वयन गर्ने पूरा अधिकार

प्रधानाध्यापकलाई हुने गरी कानूनी व्यवस्था गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ।

**९.१२.६. विद्यालय शिक्षाको प्रशासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालयको शासकीय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउने।**

९.१२.६.१ स्थायी क्षमतावान, योग्य र सक्षम शिक्षकहरू मध्ये प्रतिस्पर्धाको माध्यमबाट पाँच वर्षको करार अवधि रहने गरी प्रधानाध्यापक छनोट गरिनेछ।

९.१२.६.२ विद्यालय सेवा क्षेत्र सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सोको आधारमा सबै प्रकारका आधारभूत विद्यालयहरूको सेवा क्षेत्र निर्धारण गरी बालबालिकालाई सेवाक्षेत्र अन्तर्गतको विद्यालयमा अध्ययन गर्न प्रेरित गरिनेछ।

९.१२.६.३ सङ्घ र प्रदेश सरकारसँग समेत समन्वय र सहकार्य गरी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.१२.६.४ सबै विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाइ सोही योजनाका आधारमा विद्यालयहरूमा स्थानीय स्रोत साधन परिचालन गरिनेछ।

९.१२.६.५ नतिजा प्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको प्रशासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गरी कार्यान्वयन गरिनेछ।

९.१२.६.६ विद्यालय (संस्थागत समेत) हरूको नियमन, अनुगमन र सुपरीवेक्षण गरी वस्तुगत प्रतिवेदन उपलब्ध गराउन र विद्यालयहरूले गरेका राम्रा अभ्यासहरूलाई सामुदायिक र संस्थागत विद्यालयहरूबीच आदान प्रदान गर्न विशेषज्ञ सम्मिलित शिक्षाका निवृत्त अधिकृत, निवृत्त प्रधानाध्यापक, शिक्षक महासङ्घ, र शिक्षक सहितको तेस्रो पक्षसँग सम्झौता गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइने छ।

९.१२.६.७ न्यूनतम २२५ दिन विद्यालय खोली २०० दिन वार्षिक पठन पाठन गराउने, शिक्षक कर्मचारीहरूलाई नियमित गराउने, आफ्नो कर्तव्य पुरा नगर्ने शिक्षक कर्मचारीलाई दण्डको व्यवस्था गर्ने र राम्रो कार्यसम्पादन गर्नेलाई पुरस्कारको व्यवस्था गरिनेछ।

**९.१२.७. आर्थिक सुशासन, पारदर्शिता र जवाफदेहिता विकास गर्ने।**

९.१२.७.१ शिक्षक तथा कर्मचारीहरूको हकलाई सुनिश्चित गर्न, पेशाप्रति उत्प्रेरित गर्न र पारिश्रमिकलाई नियमित बनाउन शिक्षक कर्मचारीको तलब भत्ता मासिक रूपमा अनिवार्य निकासा गर्ने व्यवस्था मिलाइने छ।

९.१२.७.२ गाउँपालिकाले सङ्घ र प्रदेशको सहकार्यमा विद्यार्थी दिवा खाजाको रकममा समय सापेक्ष पुनरावलोकन गरी नियमन गर्ने छ।

९.१२.७.३ सङ्घ, प्रदेश र गाउँपालिकाबाट विद्यालयलाई उपलब्ध गराइएको विभिन्न योजनाको कार्यसम्पनका लागि चाहिने सामग्रीको खरिद गर्ने कार्य सम्बन्धित विद्यालयको खरिद समितिबाट गर्ने व्यवस्था मिलाइने छ।

९.१२.७.४ विद्यालयको लेखा प्रणालीलाई व्यवस्थित गर्न आधारभूत तह ६-८ र माध्यमिक तहमा लेखापालको व्यवस्था गर्ने र आधारभूत तह १-५ का प्रधानाध्यापकहरूलाई लेखा तालिम व्यवस्था गरिनेछ।

**९.१३. शिक्षक व्यवस्थापन तथा विकास सम्बन्धी नीति तथा कार्यनीतिहरू :-**

**९.१३.१. गाउँपालिकाको शिक्षक व्यवस्थापन गर्न समय सापेक्ष शिक्षक तयारीको स्वरूप तथा प्रक्रियामा परिवर्तन गरी पेशाप्रति समर्पित र सक्षम शिक्षकको आपूर्ति गर्ने।**

९.१३.१.१ शिक्षक, प्रधानाध्यापक र कर्मचारीहरूको पेशागत आचारसंहिता निर्माण गरी लागू गरिने र सो अनुसार भए नभएको अनुगमन गरिनेछ।

९.१३.१.२ शिक्षकहरूको शैक्षिक योग्यताका सम्वन्धमा प्रारम्भिक बालविकास एवम् पूर्व प्राथमिक शिक्षा र

कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर उत्तीर्ण उम्मेदवारलाई कायम गरी शिक्षकको योग्यता अद्यावधिक गर्न योगदान गरिनेछ।

९.१३.१.३ नपुग शिक्षक दरबन्दीमध्ये गाउँपालिका र प्रदेश सरकारले आर्थिक भार व्यहोर्ने गरी कानुन बमोजिम सिर्जना गरिएका शिक्षक दरबन्दीहरूको न्यायोचित किसिमले वितरण गरी शिक्षकहरूको नियुक्ति र पदस्थापनमा योगदान गरिनेछ।

९.१३.१.४ रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिनेछ।

९.१३.१.५ शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत, विषयगत सरोकारवाला निकायको समन्वयको आधारमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिनेछ।

९.१३.१.६ गाउँपालिकास्तरमा नियुक्त गरिएका शिक्षकहरूको तलब स्केल सरकारी सरह कायम गरी उनीहरूलाई सञ्चयकोषको व्यवस्थापन गरिने छ।

९.१३.१.७ सबै विद्यालयमा शिक्षक कर्मचारी, नर्स, कुचिकार, माली, सेक्युरिटी गार्डको व्यवस्था गरिनेछ।

९.१३.१.८ शिक्षण पेशामा मेधावी विद्यार्थीहरूलाई आकर्षित गर्न छनौट तथा वृत्ति विकास प्रणालीलाई योग्यतामा

आधारित बनाई परीक्षण प्रणालीमा सुधार गरि वस्तुनिष्ठ तथा विश्वनीय बनाइने छ।

**९.१३.२. गाउँपालिकामा शिक्षक व्यवस्थापन गर्न विषयविज्ञ, स्रोत शिक्षक, रोष्टर शिक्षक र शिक्षक बैङ्कको व्यवस्था गर्ने।**

९.१३.२.१ गाउँपालिका भित्रका विद्यालयहरूमा शिक्षक छनौट र तालिम सञ्चालन गर्न विषयगतरूपमा आफ्नो विषयमा दक्षता राख्ने शिक्षकहरू मध्येबाट विषयविज्ञ र रोष्टर शिक्षकको व्यवस्था गरि परिचालन गरिनेछ।

९.१३.२.२ विद्यालयको शिक्षण सिकाइमा प्राविधिक सहायता प्रदान गर्न र अन्य शैक्षिक गतिविधिलाई प्रभावकारी बनाउन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दुई जना विद्यालय सुपरिवेक्षक, एक/एक जना सूचना प्रविधि, खेलकुद र संगित शिक्षकहरूको रूपमा नियुक्ति गरी परिचालन गर्ने व्यवस्था मिलाइने छ।

९.१३.२.३ विद्यालयमा शिक्षक सुत्केरी बिदा, प्रसुति स्याहार बिदा, किरिया बिदा जस्ता विभिन्न कारणले अनुपस्थित भई शिक्षक बिहिन हुने अवस्थामा गाउँपालिकाले स्वयंसेवक शिक्षकको व्यवस्था गर्नेछ।

**९.१३.३. शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने।**

९.१३.३.१ शिक्षकहरूको पेशागत विकासका सवालमा नीति निर्माण र कार्यान्वयनका सवालमा पेशागत सङ्घ सङ्गठन एवम् स्थानीय तहसँग सहकार्य र समन्वय हुनेछ।

९.१३.३.२ शिक्षकको सेवा सर्त, सुविधा, प्रोत्साहन, बढुवा लगायत वृत्ति विकासका प्रावधानहरूलाई पुनरावलोकन गरी समसामयिक बनाउने सवालमा सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

९.१३.३.५ शिक्षकको पेशागत विकास र समयसापेक्ष अपडेट गराउन शिक्षकलाई मागको आधारमा पुनर्ताजकी तालिम सञ्चालन गरिनेछ।

**९.१३.४. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकास लाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजा प्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने।**

९.१३.४.१ शिक्षकको उपस्थिती नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्याकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धी सुधार गरिनेछ।

९.१३.४.२ गाउँपालिका भित्र विद्यालयमा कार्यरत गाउँपालिका अनुदान शिक्षक तथा कर्मचारीको तलब नेपाल सरकारले निर्धारण गरेको सम्बन्धित तहको न्यूनतम तलब स्केलसँग बराबर हुनेगरी निर्धारण गरिनेछ।

**९.१३.५. शिक्षक पुरस्कृत र दण्डको प्रावधानलाइ वस्तुनिष्ठ र न्यायोचित बनाउने।**

९.१३.५.१ शिक्षक पुरस्कार र प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित शिक्षकको सामाजिक आचरण, पेशाप्रतिको निष्ठा र समर्पणभाव, विद्यार्थीको सिकाइ उपलब्धी र उनीहरूको अभिमतलाई समेत आधार बनाइ लागू गरिनेछ।

९.१३.५.२ वार्षिक कार्यसम्पादन मूल्याङकन तथा विद्यार्थीको नतिजामा उत्कृष्टता हासिल गरेका शिक्षकलाई विद्यालय र गाउँपालिकाले प्रशंसा, पुरस्कार तथा सम्मान दिने व्यवस्था गरिनुका साथै प्रदेश र संघीय सरकारलाई सिफारिस गरिनेछ।

९.१३.५.३ शिक्षकको कार्यसम्पादनका वस्तुनिष्ठ सूचकहरूका आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी पुरस्कार र दण्डको पद्धति लागु गरिनेछ।

**९.१३.६. गाउँपालिकामा STEAM Education Approach को विकास गर्ने।**

९.१३.६.१ शैक्षणिक कौसलता विकास गरि प्रभावकारी शिक्षणका लागि पालिकामा STEAM education Approach को विकास गर्न जनशक्ति व्यवस्थापन गरिनेछ।

**१०. नीति कार्यान्वयनको जिम्मेवारी :** नीति कार्यान्वयन गरी अधिकतम लाभ लिनका लागि मुख्य जिम्मेवारी गाउँपालिकाको रहन्छ तर पनि अन्य सरकारवालाहरूको भूमिकालाई नजर अन्दाज गर्न मिल्दैन। समग्रमा नीति कार्यान्वयनको जिम्मेवारी बाँडफाँड निम्नानुसार गरिएको छ।

**१०.१. गाउँपालिकाको जिम्मेवारी**

१) स्रोत आँकलन गरी बजेट व्यवस्थापन गर्ने,

२) शिक्षासँग सम्बन्धित संरचनाहरू स्थापना, गठन तथा परिचालन गर्ने,

३) शिक्षा नीतिसँग मेल खाने गरी सहयोग गर्न आएका गैर सरकारी संस्थाहरूसँग समन्वय गरी सहयोगको वातावरण बनाउने,

४) आवश्यक ऐन कानुन, नियम, निर्देशिका र मापदण्डहरू निर्माण गर्ने,

**१०.२ गाउँ शिक्षा समितिको जिम्मेवारी**

१) विद्यालयहरूको नियमित अनुगमन, मूल्याङ्कन र योजनामा सुधारसहितका अवसरहरू प्रदान गर्ने,

२) विद्यालयसँग सरोकार राख्ने पक्षसँग समन्वय गर्ने,

३) गाउँ शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

४) शिक्षासँग माथिल्लो निकाय, संस्थासँग आवश्यक समन्वय गर्ने

**१०.३ विद्यालयको जिम्मेवारीः**

१) विद्यालय भित्रको शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्ने,

२) गाउँ शिक्षा समिति र गाउँपालिकासँग आवश्यक समन्वय र सहकार्य गर्ने,

३) शिक्षकको पेशागत वृत्तिविकास र शैक्षिक उन्नतिका लागि प्रचलित नियम, कानुनको पूर्ण पालना गर्ने र गराउने,

४) गाउँपालिकाको नीति नियम तथा निर्देशनहरूको स्टाफहरूबीच अभिमुखीकरण गरी कार्यान्वयन गर्ने गराउने।

**१०.४ शिक्षकको जिम्मेवारीः**

१) सूचना र प्रविधिमा क्षमता विकास गर्ने,

२) शिक्षा सम्बन्धी निर्माण भएका नीति कार्यक्रमहरू प्रति जानकार रहने,

३) गाउँपालिकाद्वारा निर्माण गरिएका योजनाहरूको कार्यान्वयनमा प्रतिबद्ध रहने,

४) कक्षाकोठा भित्र सधै उत्प्रेरकको रूपमा सकारात्मक सन्देश सम्प्रेषण गर्ने,

५) विद्यालय र कक्षाकोठाको व्यवस्थापन र व्यावहारिक सिकाइमा नविन प्रविधिको प्रयोगमा निरन्तर प्रतिवद्ध भई कार्य सम्पादन गर्ने,

६) जनप्रतिनिधि र अभिभावकको जिम्मेवारी विद्यालयको नियमित अनुगमन गरी सकारात्मक सुधार प्रदान गर्ने,

७) विद्यालयले निर्माण गरेका योजनाहरूको कार्यान्वयनका लागि जनसहभागिता जुटाउने,

८) सर्वजानिक सम्पत्तिको संरक्षण र सुरक्षा गर्ने आफ्नो बालबालिकाको सिकाइमा देखिएको प्रगति वा अवरोधको विषयमा विद्यालयलाई जानकारी गराउने,

९) विद्यालयद्वारा सञ्चालित कार्यक्रम गर्ने,

१०) संस्थागत व्यवस्थाहरूमा उपस्थित भई सल्लाह सुझाव र हौसला प्रदान गर्ने।

**११. अनुगमन तथा मूल्याङ्कन** : मासिक, चौमासिकरूपमा र मध्यकालीन र दीर्घकालीन मूल्याङ्कन गर्दै शिक्षामा शैक्षिक गुणस्तर अभिवृद्ध गर्दै नीति कार्यान्वयनमा देहाय बमोजिमका सरोकारवालाहरूलाइ जिम्मेवार बनाइनेछ।

१. कालिञ्चोक गाउँपालिका

२. गाउँ शिक्षा समिति

३. शिक्षा, यूवा तथा खेलकुद शाखा

४. सामुदायिक र निजी विद्यालय

५. सामुदायिक सिकाइ केन्द्र

६. उच्च शिक्षा प्रदायकक संस्थाहरू

७. शिक्षासँग सरोकार राख्ने गैर सरकारी संस्थाहरू

**१२. आर्थिक पक्षः**

१. सङ्घीय सरकारले प्रदान गर्ने सशर्त, समानीकरण, समपुरक र विशेष अनुदान

२. प्रदेश सरकारले प्रदान गर्ने सशर्त, समानीकरण, समपुरक र विशेष अनुदान

३. गाउँपालिकाको आन्तरिक स्रोत

४. निजी क्षेत्रको लगानी

५. शिक्षा क्षेत्रमा सरोकार राख्ने गैरसरकारी संस्थाको बजेट

६. चन्दा, अनुदान, ऋण र अन्य आय

**१३. कानुनी व्यवस्था :** शिक्षा नीति, २०८२ को प्रभावकारी कार्यान्वयन गर्नका लागि देहाय वमोजिमका ऐन, नियम, निर्देशिका र कार्यविधिहरूलाई मार्गदर्शक स्रोतको रूपमा लिइएकोछ।

१. नेपालको संविधान, २०७२

२. आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५

३. आधारभूत तथा माध्यमिक शिक्षा नियमावली, २०८२

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

५. सोह्रो पञ्चवर्षीय योजना

**१४. जोखिम तथा जोखिम न्यूनीकरण**

**१४.१ जोखिमहरू :** यस नीतिको कार्यान्वयनका क्रममा निम्न जोखिमहरू रहने आँकलन गरिएको छ।

१) स्रोतको अपर्याप्तता हुन सक्ने,

२) सरोकारवालाको चासो सम्बोधन नभएको अवस्थामा अपनत्व ग्रहण गर्नु,

३) सङ्क्रमणकालीन अवस्थामा कानुनको दोहोरो प्रभाव र अर्थ लाग्न सक्ने,

४) अपेक्षित उद्देश्य पूरा हुन नसक्दा नीति कार्यान्वयनमा कठिनाइ,

**१४.२ जोखिम न्यूनीकरण**

१) स्रोत व्यवस्थापन गर्न गाउँपालिकाले स्रोतको आँकलन गर्ने,

२) सबै सोरोकारवाला पक्षलाई अभिमुखीकरण गरी शिक्षा प्रति चासो, अपनत्व जगाउने अभियान सञ्चालन गर्ने,

३) कानुनको कार्यान्वयनमा एकरूपता गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने,

४) शिक्षा साझेदार गैरकारी संस्थाहरूसँग सहकार्य गर्ने,